# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक १८ | काठमाडौं | सोमबार, २८ वैशाख २०८३ | Prabhab National Daily | Monday, 11 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-

इ-पेपरका लागि


आजदेखि बजेट अधिवेशन

## संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति



फाइल तस्बिर

■ जेबी योञ्जन

**काठमाडौं**– सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम आज सार्वजनिक गर्दै छ । सरकारको तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले दिउँसो ४ बजे बस्ने संघीय संसद्को संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने संसद्का प्रवक्ता एकराम गिरीले बताए ।

आगामी १५ जेठमा सरकारले ल्याउने बजेटको आधार दस्तावेजका रूपमा यसलाई लिने गरिन्छ । जेन-जी विद्रोहको जगमा भएको निर्वाचनपछि प्राप्त जनादेशअनुसार गठित वालेन्द्र सरकारले ल्याउन लागेको नीति तथा कार्यक्रमलाई राजनीतिक तथा प्रशासनिक वृत्तमा चासोपूर्वक हेरिएको छ ।

बजेटसहितको नीति तथा कार्यक्रमका लागि यसपटक जनसहभागिता निश्चित गर्न भन्दै सरकारले 'सुझाव संकलन पोर्टल' सार्वजनिक गरेको छ । तर, नीति तथा कार्यक्रम सार्वजनिक हुने तीन दिनअघि मात्रै सुझाव मागिनुले पोर्टलमार्फत प्राप्त सुझावहरू समेटिने हुन् कि औपचारिकतामात्रै हो भन्ने प्रश्न उठेको छ ।

विगतमा बजेट र नीति कार्यक्रमका लागि सुझाव संकलन गर्ने काम मुख्यरूपमा अर्थ मन्त्रालयले गर्दै आएको थियो । निजी क्षेत्र, उद्योगी-व्यवसायी, विज्ञ, नागरिक समाज तथा सर्वसाधारणसँग छलफल गरेर सुझाव लिने परम्परा थियो । यसपालि भने अस्वाभाविकरूपमा प्रधानमन्त्री कार्यालय सक्रिय भएको छ ।



आज सार्वजनिक हुने नीति तथा कार्यक्रमले सरकारको आगामी एक वर्षको राजनीतिक, आर्थिक र प्रशासनिक प्राथमिकतामात्रै तय गर्ने छैन, प्रधानमन्त्री शाह नेतृत्वको सरकार कुन दिशामा अघि बढ्न खोजिरहेको छ भन्ने प्रस्ट हुने छ ।

■ **हरि रोक्का**
**अर्थविद्**

क्रमशः पृष्ठ २ मा

### अध्यादेश र सुकुमबासीमाथिको ज्यादतीको प्रतिवाद गर्ने रणनीतिमा विपक्षी

बोलाइ सकिएको संसद् अधिवेशनलाई हठात् स्थगित गरेर आठवटा अध्यादेशमार्फत १०० भन्दा बढी कानुनमा एकैपटक संशोधनपछि संसद्को यो अधिवेशन आह्वान भएको हो । अध्यादेशमार्फत शासन चलाउन खोजेको र कानुन निर्माणको वैधानिक थलो सदनको अवमूल्यन गर्न खोजेको भन्दै विपक्षी दलहरू आक्रोशित छन् ।

अझ संवैधानिक परिषद् अध्यादेशको प्रावधान, वरीयता र परम्परा तोडेर सरकारले गरेको प्रधानन्यायाधीश सिफारिस, प्रतिनिधिसभा नियमावलीको प्रस्तावित मस्यौदालाई विशेष कानुनसरह मान्य हुने भन्दै त्यहाँ फौजदारी कसुरमा मुद्दा सामना गरिरहेका रास्वपा सभापति रवि लामिछानेलाई निलम्बन हुनबाट जोगाउन राखिएको प्रावधानले विपक्षीहरू झनै चिढिएका छन् ।

क्रमशः पृष्ठ २ मा

# बजेट निर्माण प्रक्रियामा प्रधानमन्त्री आफैं सक्रिय

## अर्थलाई 'बाइपास' गरेर प्रधानमन्त्री कार्यालयबाटै मागियो सुझाव

- बजेट लेखनको टिम अर्थ मन्त्रालयमा, सुझाव माग्दै प्रधानमन्त्री कार्यालय
- शनिबार साँझबाट सुरू गरेको पोर्टलमा आइतबार साँझसम्म आठ हजारभन्दा बढी सुझाव दर्ता
- अर्थ मन्त्रालयका एक उच्च अधिकारी भन्छन्- यो अर्थ मन्त्रालयको अधिकारमाथि ठाडो हस्तक्षेप हो
- आज राष्ट्रपति रामचन्द्र पौडलेले संघीय संसद्को संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै
- नीति तथा कार्यक्रम संसद्मा एक दिनमात्र छलफल गरी पारित गर्ने तयारी



**वालेन्द्र शाह**, प्रधानमन्त्री



डा. **स्वर्णिम वाग्ले**, अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं**– अर्थमन्त्री डा. स्वर्णिम वाग्ले अर्थ मन्त्रालयको टिमसहित यस वर्षको बजेट निर्माणमा व्यस्त छन् । आगामी जेठ १५ गते संघीय संसद्मा पेस गर्नुपर्ने बजेटका लागि अर्थ मन्त्रालयले विज्ञसँग छलफल तथा परामर्श लिने क्रम जारी राखेको छ ।

तर यसपटक अर्थ मन्त्रालयमा बजेट लेखन चलिरहँदा प्रधानमन्त्री कार्यालयले छुट्टै पोर्टल नै बनाएर सीधै नागरिकको सुझाव मागेको छ । योसँगै अहिले सरकारको हरेक मन्त्रालयमा प्रधानमन्त्री वालेन्द्र शाह हावी भएको चर्चा सुरु भएको छ । 'कोर टिम'मा काम गर्न रुचाउने वालेन्द्रले हरेक मन्त्रालयमा आफ्नो हस्तक्षेप बढाउँदै लगेको चर्चाकाबीच शनिबार सीधै बजेटका लागि सुझाव मागेका हुन् ।

अर्थविद्हरू बजेट बनाउने काममा प्रधानमन्त्रीको हस्तक्षेप हुन नहुने बताउँछन् । यद्यपि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)कै प्रधानमन्त्री र अर्थमन्त्री भएकोले यसलाई सामान्यरूपमा लिनुपर्ने उनीहरू बताउँछन् । पूर्वअर्थसचिव शिशिर ढुंगाना प्रधानमन्त्रीले सुझाव माग्नु फरक अभ्यास भए पनि सामान्यरूपमा लिनुपर्ने बताउँछन् । 'विगतमा हामीले अर्थ मन्त्रालयबाट नै सुझाव माग गर्ने गरेका थियौं । प्रधानमन्त्री कार्यालयले सुझाव संकलन गरेर अर्थ मन्त्रालयमा दिने होला । नीति तथा कार्यक्रम र बजेटबीच तादम्यता मिलाउन पनि खोजेको होला । यसलाई सामान्यरूपमा लिनुपर्छ,' ढुंगाना भन्छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा आमनागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न 'सुझाव संकलन पोर्टल' सञ्चालनमा ल्याएको जनाएको छ । शनिबार साँझबाट सुरु गरेको यो पोर्टलमा आइतबार साँझसम्ममा आठ हजारभन्दा बढी सुझाव दर्ता भएको देखिन्छ ।

अन्तरसरकारी समन्वय, पूर्वाधार विकास, शिक्षासहित दर्जन शीर्षकमा मागिएको सुझावमा सबैभन्दा बढी सुझाव शिक्षा, स्वास्थ्य तथा विज्ञानमा आएको प्रधानमन्त्री कार्यालयको पोर्टलमा उल्लेख छ । पोर्टलमा दिएका आफ्ना सुझावहरूको पछिल्लो अवस्था र सरकारले चालेको कदमका बारेमा जानकारी लिन सकिने गरी 'सुझाव ट्र्याक' गर्ने विशेष सुविधासमेत यस प्रणालीमा समावेश गरिएको छ ।

आज सार्वजनिक हुने नीति तथा कार्यक्रममा जनताका वास्तविक आवश्यकता र मौलिक अपेक्षालाई समेट्दै शासन व्यवस्थालाई थप पारदर्शी र जनमुखी बनाउने उद्देश्यले सुझाव संकलन गर्न थालिएको प्रधानमन्त्रीको सचिवालयले जनायो । देश-विदेशमा रहेका सम्पूर्ण नेपाली नागरिक, विषयविज्ञ र नीति निर्माताहरूले बजेट निर्माण र विकासका प्राथमिकताका सम्बन्धमा सुझाव पेस गर्न सकिने प्रधानमन्त्रीकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले बताइन् । 'नीति निर्माण प्रक्रियालाई प्रशासनिक घेरामामात्र सीमित नराखी आम जनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीज्यूको मुख्य योजनाअनुरूप यो कदम चालिएको हो,' दाहालले भनिन् ।

अर्थ मन्त्रालयका उच्च अधिकारीहरू भने प्रधानमन्त्री शाहले यसमा सीधै हस्तक्षेप गर्न खोजेको बताउँछन् । आफूहरूले समाचारबाटै यसबारे थाहा पाएको र नीति तथा कार्यक्रम आउनु एक दिनअघि सुझाव माग्नु अर्थहीन भएको बताए ।

क्रमशः पृष्ठ २ मा



विगतमा अर्थ मन्त्रालयबाट नै सुझाव माग गर्ने गरेका थियौं । यसपटक प्रधानमन्त्री कार्यालयले सुझाव संकलन गरेर अर्थ मन्त्रालयमा दिने होला । नीति तथा कार्यक्रम र बजेटबीच तादम्यता मिलाउन पनि खोजेको होला । यसलाई सामान्य रूपमा लिनुपर्छ ।

■ **शिशिर ढुंगाना**
**पूर्वअर्थसचिव**



नीति निर्माण प्रक्रियालाई प्रशासनिक घेरामामात्र सीमित नराखी आमजनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीज्यूको मुख्य योजनाअनुरूप यो कदम चालिएको हो ।

■ **दीपा दाहाल**
**प्रधानमन्त्रीकी प्रेस तथा अनुसन्धान विज्ञ**

**सन्दर्भः वैदेशिक रोजगार**

## संघ कमजोर भएको भन्दै व्यवसायीले गराए अध्यक्ष गुरूङको ध्यानाकर्षण

■ ममता थापा

**काठमाडौं**– वैदेशिक रोजगारी व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघ यतिबेला आन्तरिक विवादमा रुमलिएको छ । कार्यसमितिको एउटा पक्ष राजीनामा दिएर बाहिरिएपछि संघको नेतृत्व अलमलिएको अवस्थामा छ । संघका अध्यक्ष भुवनसिंह गुरुङले राजीनामा दिएकाहरूलाई फर्किन आग्रह गरिरहे पनि उनीहरू फर्किएका छैनन् । यसरी आन्तरिक विवादमा अल्झिँदा संघ कमजोर बनेको भन्दै व्यवसायीहरूले मिल्नका लागि दबाब बढाइरहेका छन् ।



यहीबीच आइतबार स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी संघले सिफलस्थित नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यालयमा विशेष भेला आयोजना गरेर अध्यक्ष गुरुङको ध्यानाकर्षण गराएको छ । स्वतन्त्र व्यवसायी संघमा आबद्ध व्यवसायीहरूले चार बुँदे माग राख्दै २४ घण्टाभित्र माग सम्बोधन गर्नसमेत अल्टिमेटम दिएको छ । उक्त अवधिमा माग सम्बोधन नभए संघको विकल्प खोज्न बाध्य हुने चेतावनीसमेत व्यवसायीहरूले दिएका छन् ।

केही दिनयता सरकारले विभिन्न उजुरीका आधारमा म्यानपावर कम्पनीमा छापा मार्ने, अनुगमन गर्नेजस्ता कार्य अघि बढाएको छ । यस्तो अवस्थामा व्यवसाय गर्न कठिन हुँदा पनि संघको नेतृत्वले सरकारसँग समन्वय गर्न नसकेको व्यवसायीहरूको गुनासो छ ।

लियो इन्टरनेसनल कन्सलटेन्सी प्रालिका सञ्चालक कमल निरौला आपसी खिचातानीले संघ दुई टुक्रा भएको अवस्थामा मिलेर जाने या मार्गप्रशस्त गर्नुको विकल्प नभएको बताए । 'वैदेशिक रोजगार व्यवसायीलाई हेर्ने सरकारी दृष्टिकोण सकारात्मक छैन । यता संघ दुई टुक्रा भएको छ । संघले व्यवसायीका कुरा उठाएर सरकारसँग डायलग गर्न सकेको छैन,' उनले भने, 'सक्नुहुन्छ भने कार्यसमितिका सम्पूर्ण २१ जना एक ठाउँमा आउनुहोस्, होइन भने बाटो खुला गर्नुहोस् ।'

त्यस्तै, एचएमटी ओभरसिज प्रालिका सञ्चालक तुलसीराम पुरीले संघको बाटो हेरेर बसे सबै व्यवसाय बन्द गर्नुपर्ने अवस्था देखिएको बताए । डर, त्रासमा व्यवसाय सञ्चालन गर्न नसकिने भएकाले कसरी अगाडि बढ्ने भनेर समिति गठन गर्नुपर्ने उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

### संघ विभाजित छैनः अध्यक्ष गुरुङ



नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले संघ विभाजित भएको आरोपको खण्डन गरेका छन् । उनले असन्तुष्ट पक्षको राजीनामा अस्वीकृत भइसकेकाले संघ विभाजित नभएको दाबी गरे ।

बहुमत कार्यसमितिले राजिनामा अस्वीकृत गरेर बैठकका लागि आह्वान गर्दा पनि केही पदाधिकारीसहित नौ जना किन आइरहेका छैनन् भनेर उनीहरूले नै जवाफ दिनुपर्ने उनको भनाइ छ । 'संघ कहाँ विभाजित भएको छ ? राजीनामा स्वीकृत/अस्वीकृत गर्ने अधिकार अध्यक्षलाई हुन्छ होला नि,' उनले प्रभावसँग प्रश्न गर्दै भने, 'बहुमत कार्यसमितिको निर्णयबाट राजीनामा अस्वीकृत भएको चिठी पठाइसकेको छ । आधिकारिकरूपमा बैठकमा आह्वान गरेका छौं ।

क्रमशः पृष्ठ २ मा

## युएईस्थित नेपाली दूतावासमा श्रम सचेतना कार्यक्रम

**काठमाडौं (प्रस)**– संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली राजदूतावासले आबुधावीमा कार्यरत नेपाली श्रमिकलाई लक्षित गरी श्रम सचेतना तथा सुरक्षित रोजगारीसम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको छ ।



राजदूतावास परिसरमा आयोजित कार्यक्रममा युएईका विभिन्न कम्पनीमा कार्यरत नेपाली श्रमिकको सहभागिता थियो । कार्यक्रममा राजदूतावासका श्रम सहचारी पंकज लामिछानेले श्रमिकका हकअधिकार र सुरक्षासम्बन्धी विषयमा प्रस्तुति दिएका थिए ।

उनले कम्पनीमा काम गर्दा पालना गर्नुपर्ने नियम, वैदेशिक रोजगारीका क्रममा अपनाउनुपर्ने सावधानी, श्रम स्वीकृति नवीकरण, सामाजिक सुरक्षा कोषको प्रयोग तथा नेपाल सरकारले वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि उपलब्ध गराएका सुविधाबारे जानकारी गराएका थिए । साथै राहदानी, इमिरेट्स आइडी, श्रमिकको परिचयपत्रलगायत व्यक्तिगत कागजात सुरक्षित राख्न र साइबर अपराध तथा आर्थिक ठगीबाट जोगिन सचेत रहन आग्रह गरे ।

> कम्पनीमा काम गर्दा पालना गर्नुपर्ने नियम, वैदेशिक रोजगारीका क्रममा अपनाउनुपर्ने सावधानी, श्रम स्वीकृति नवीकरण, सामाजिक सुरक्षा कोषको प्रयोग तथा नेपाल सरकारले वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि उपलब्ध गराएका सुविधाबारे जानकारी

कार्यक्रममा विदेशमा हुने खोजतलास, उद्धार, व्यवस्थापन, क्षतिपूर्ति तथा श्रमिक सहायतासम्बन्धी निवेदन नेपाल सरकारको कन्सुलर सेवा विभागद्वारा सञ्चालित अनलाइन प्रणालीमार्फत दर्ता गर्न सकिने जानकारी दिइएको थियो । राजदूतावासका तृतीय सचिव विमलेशकुमार मिश्रले राहदानी तथा कन्सुलर सेवासम्बन्धी जानकारी दिएका थिए । कार्यक्रममा सहभागी श्रमिकले यस्ता सचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## बजेट निर्माण...

'प्रधानमन्त्रीले बजेटबारे सुझाव मागेको हामीले पनि समाचार पढेरमात्र थाहा पाएका हौं । यो अर्थ मन्त्रालयको अधिकारमाथि ठाडो हस्तक्षेप हो,' अर्थ मन्त्रालयका एक उच्च अधिकारीले भने । प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दाहालले भने यो पोर्टलले नागरिक र राज्यबीचको दूरी मेटाउँदै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने र प्राप्त भएका सुझावहरूलाई प्रशासनिक तहमा गम्भीरतापूर्वक समीक्षा गरी नीतिगतरूपमै कार्यान्वयनमा लगिने दाबी गरिन् ।

### 'फास्ट ट्र्याक'बाट पारित गरिँदै

आज राष्ट्रपति रामचन्द्र पौडेलेलले संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्ने सरकारको नीति तथा कार्यक्रम सरकारले एक दिन छलफल गरेर पारित गर्ने तयारी गरेको छ । नीति तथा कार्यक्रम छलफलका लागि वैशाख ३० गतेमात्रै छुटचाइएको छ । प्रतिनिधिसभा नियमावलीको नियम ३८ मा सभामुखले छलफलका लागि दिन र समय तोक्ने व्यवस्था भए पनि सरकारले वैशाख ३० गते एकै दिन छलफल, संशोधन, जवाफपछि नीति कार्यक्रम पारित गर्न लागेको हो ।

अघिल्लोपटक वैशाख १९ गते नीति कार्यक्रम प्रस्तुत भएकोमा २२ देखि पाँच दिनसम्म प्रतिनिधिसभामा छलफल भएपछिमात्रै पारित भएको थियो । नीति कार्यक्रममात्रै होइन बजेटका सिद्धान्त, प्राथमिकता (प्रि-बजेट) छलफल पनि एकै दिन अर्थात् वैशाख ३१ गते पारित गर्ने कार्यतालिका रहेको छ । अघिल्लो वर्ष प्रि-बजेटमा तीन दिन छलफल चलेको थियो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा जेठ १५ मा बजेट प्रस्तुत हुनु १५ दिनअघि नै नीति कार्यक्रम र बजेटका सिद्धान्त र प्राथमिकता पारित गरिसक्नुपर्ने उल्लेख भएकाले छलफलका लागि समय नभएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरी बताउँछन् । '१५ दिनअघि नै छलफल सक्नुपर्ने भन्ने ऐनमा भएकाले ३१ गतेभित्र सबै सक्नुपर्ने भयो,' गिरीले भने ।

■ ■ ■

## संसद्मा सरकारको...

सरकारी अधिकारीहरूका अनुसार प्रधानमन्त्री शाहले केही सातायता सातै प्रदेशका सांसदहरूसँग सिंहदरबारमा छलफल गर्दै आगामी बजेट र नीति कार्यक्रममा समेट्नुपर्ने योजनाबारे सुझाव मागेका थिए । सहभागी सांसदहरूका अनुसार प्रधानमन्त्रीले आफ्नै सचिवालयमा लिखित सुझाव बुझाउन आग्रह गरेका थिए । प्रदेशका मुख्यमन्त्रीहरूसँग पनि प्रधानमन्त्री शाहले छलफल गरेका थिए ।

अर्थ मन्त्रालय स्रोतका अनुसार अहिले बजेटको तयारी तीव्ररूपमा भइरहेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मन्त्रालयका उच्च अधिकारीहरूसँग लगातार छलफल गरिरहेका छन् । सरकारले यसपालिको नीति तथा कार्यक्रममा आर्थिक सुधार, सुशासन, डिजिटल सेवा विस्तार, रोजगारी सिर्जना, पूर्वाधार निर्माण, ऊर्जा, कृषि आधुनिकीकरण र लगानी प्रवर्द्धनलाई प्राथमिकतामा राख्ने तयारी गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेका अनुसार प्रधानमन्त्री कार्यालयले सार्वजनिक गरेको १०० बुँदे कार्यसूचीको कार्यान्वयनलाई समेत नीति कार्यक्रमसँग जोडिने छ । सार्वजनिक सेवा प्रवाह सुधार, प्रशासनिक संरचना पुनर्संरचना, लगानीमैत्री वातावरण निर्माण, वैदेशिक रोजगारी व्यवस्थापन, पर्यटन प्रवर्द्धन तथा सूचना प्रविधि क्षेत्रलाई प्राथमिकतामा राख्ने पनि सभापति लामिछानेले आइतबार सांसदहरूलाई प्रशिक्षण दिँदै बताए । उनले यसपटक बजेटको समानुपातिक विवरण हुनेतर्फ संकेत गर्दै भने, 'यसपटक कुनै नेता विशेषको बजेट ओइरिँदैन । सिंगो नेपाललाई एउटा निर्वाचन क्षेत्र मानेर बजेट आउँछ ।'

वालेन्द्र सरकारले ऊर्जा उत्पादन वृद्धि, प्रसारणलाइन विस्तार, सिँचाइ आयोजना, सहरी पूर्वाधार, सडक स्तरोन्नति तथा रेल र सुरुङमार्गजस्ता दीर्घकालीन पूर्वाधार परियोजनालाई पनि नीति कार्यक्रममा प्राथमिकता दिइने भएको छ । यसबाहेक सरकारले सामाजिक सुरक्षा कार्यक्रमलाई पुनर्संरचना गर्ने, शिक्षा तथा स्वास्थ्य क्षेत्र सुधार गर्ने र कृषि उत्पादन वृद्धि गर्दै आयात प्रतिस्थापनमा जोड दिने तयारी गरेको बताइएको छ ।

यद्यपि, सरकारको नीति तथा कार्यक्रमप्रति विपक्षी दल र कतिपय सांसदहरूले भने शंका व्यक्त गरिरहेका छन् । संसद्मा हुने प्रि-बजेट छलफल नगरिएको, अन्तिम समयमामात्रै सुझाव मागिएको तथा नीति निर्माण प्रक्रिया अत्यधिक केन्द्रिकृत भएको भन्दै आलोचना भइरहेको छ ।

संसद्मा प्रि-बजेट छलफललाई विगतमा निकै महत्त्वका साथ लिइन्थ्यो । सांसदहरूले आफ्ना निर्वाचन क्षेत्रका योजना, जनताको आवश्यकता र राष्ट्रिय प्राथमिकताका विषय उठाउने गर्थे । तर, यसपालि भने अधिवेशनको समय छोटचाइएकाले बजेटपूर्वको छलफल एक दिनमात्रै हुने भएको हो ।

संविधानअनुसार सरकारले हरेक वर्ष १५ जेठमा बजेट संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्छ । त्यसअघि नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गरी त्यसमाथि छलफल गरिन्छ । संसद्बाट उठेका सुझावका आधारमा सरकारले बजेटलाई अन्तिम रूप दिने अभ्यास रहँदै आएको छ । यसबीच आर्थिक सुस्तता, घट्दो राजस्व, वैदेशिक सहायता निर्भरता, बढ्दो बेरोजगारी र विकास खर्चको कमजोर अवस्थाबीच सरकारले कस्तो नीति प्राथमिकता अघि सार्छ भन्ने विषयलाई विशेष चासोका साथ हेरिएको छ । विशेषगरी निजी क्षेत्रले लगानीमैत्री वातावरण, कर प्रणालीमा सुधार, बैंक ब्याजदर स्थायित्व, निर्माण व्यवसायीको भुक्तानी, ऊर्जा खपत वृद्धि तथा उत्पादनमूलक क्षेत्र प्रवर्द्धनका विषयमा सरकारबाट स्पष्ट नीति अपेक्षा गरेको छ ।

यता सर्वसाधारण भने बढ्दो महँगी, रोजगारी अभाव, सेवा प्रवाहको जटिलता तथा विकास आयोजनाको सुस्त कार्यान्वयनबाट निराश छन् । यस्तो अवस्थामा सरकारले ल्याउने नीति तथा कार्यक्रमले जनविश्वास कति पुनर्स्थापित गर्न सक्छ भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण बनेको छ । अर्थराजनीतिक विश्लेषक हरि रोका भन्छन्, 'आज सार्वजनिक हुने नीति तथा कार्यक्रमले सरकारको आगामी एक वर्षको राजनीतिक, आर्थिक र प्रशासनिक प्राथमिकतामात्रै तय गर्ने छैन, प्रधानमन्त्री शाह नेतृत्वको सरकार कुन दिशामा अघि बढ्न खोजिरहेको छ भन्ने प्रस्ट हुने छ ।'

### कार्यसूचीमा के छ ?

सभामुख डोलप्रसाद अर्यालले आजको प्रतिनिधिसभा बैठकमा प्रतिनिधिसभा नियमावली २०७९ को नियम २६० अनुसार जारी भएको बाधा अड्काउ फुकाउ आदेश अनुमोदनका लागि पेस गर्ने भएका छन् । त्यसपछि प्रधानमन्त्री वालेन्द्र शाहले सार्वजनिक खरिद, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था र संवैधानिक परिषद्सम्बन्धी गरी तीनवटा अध्यादेश पेस गर्ने कार्यसूची छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सम्पत्ति शुद्धीकरण निवारण, कानुनमन्त्री सोविता गौतमले केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, सहकारीमन्त्री प्रतिभा रावलले सहकारी अध्यादेश, स्वास्थ्यमन्त्री निशा मेहताले स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी अध्यादेश र शिक्षामन्त्री सस्मित पोखरेलले विश्वविद्यालयसम्बन्धी अध्यादेश पेस गर्ने कार्यसूची रहेको संसद्का प्रवक्ता एकराम गिरीले बताए ।

■ ■ ■

## अध्यादेश...

आठ हजार ७५० परिवारका २० हजारभन्दा बढी भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीमाथि डोजर चलाएर उठिबास गरेको विषयलाई शक्तिहीन नागरिकमाथि राज्य आतंक भएको भन्दै विपक्षीहरूले संसद्मा ती नागरिकको प्रतिरक्षा गर्न कडा रूपमा प्रस्तुत हुने भएको प्रमुख विपक्षी नेता भीष्मराज आङ्देम्बेले बताए ।

'जुन ढंगले अध्यादेशबाट शासन चलाउनेगरी संसद् छलेर सरकारले अध्यादेशहरू ल्याए, सुकुम्बासी भन्दै कमजोर नागरिकको उठिबास लगाए र प्रतिनिधिसभा नियमावलीमा जे प्रावधान राखियो,' उनले प्रभावसँग भने, 'यसको हामी सशक्त र प्रभावशाली ढंगले प्रतिवाद गर्छौं ।'

सरकारका मन्त्रीदेखि प्रधानमन्त्रीको अस्वाभाविक सम्पत्तिको स्रोत खुलाउनुपर्ने र कर तिर्नुपर्ने माग पनि विपक्षी दलहरूले उठाउने भएका छन् । गृहमन्त्रीबाट राजीनामा दिइसकेका सुधन गुरुङ जोडिएको प्रकरण र आफ्नै सांसद रहेका पूर्वमन्त्री जगदीश खरेलको नाम जोडिएको स्मार्ट टेलिकमको अनियमिततामा छानबिनका लागि दबाब पनि दिने भएका छन् ।

आङ्देम्बेका अनुसार वर्षायाम सुरु भएकाले मनसुनजन्य विपद्बाट नागरिकलाई जोगाउनुपर्ने, देशभरका सडक पूर्वाधारहरूको स्थिति ठीकठाक पार्नुपर्ने, भारतबाट नेपाल ल्याइएका १०० रूपैयाँभन्दा माथिको सामानमा लगाइएको कर, लिपुलेक पासबाट चीन-भारतले सञ्चालन गरेको व्यापारिक सडक सञ्जाल, जेन-जी विद्रोहको दोस्रो दिन २४ भदौको घटनाको निष्पक्ष अनुसन्धानको माग पनि गर्ने आङ्देम्बेले बताए । उनै आङ्देम्बेले प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलको नेताको हैसियतले संसद्मा रहेका एमाले, नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रि प्रजातन्त्र पार्टीसँग निरन्तर संवाद गर्दै आएका छन् । श्रम संस्कृति पार्टीका प्रतिनिधि पनि आङ्देम्बेले बोलाएको विपक्षी दलहरूको बैठकमा सहभागी हुने गरेका छैनन् ।

■ ■ ■

## संघ कमजो...

'सरकारले १० हजार रूपैयाँमा मान्छे पठा भन्छ, हामी पठाउन सक्दैनौं, यो क्लियर छ । सरकारले फोन, इमेलको भरमा छापा हानिरहेको छ,' उनले भने, 'यस्तो डर त्रास बोकेर हामी कति दिन व्यवसाय गर्ने ? संघको बाटो हेरेर बसे हप्ता-दश दिनभित्र सबैले व्यवसाय बन्द गर्नुपर्ने अवस्था भइसकेको छ । हामीले समस्या समाधान समिति गठन गरेर त्यसपछि के गर्ने भनेर लाग्नुपर्ने अवस्था छ ।'

संघबाट राजीनामा दिएकाहरूलाई संघमा फर्काउन पटक-पटक प्रयास गर्दा पनि असफल भएपछि भेला गर्न बाध्य भएको पुरीको भनाइ थियो । 'हामीले असन्तुष्ट पक्षलाई संघमा फर्काउन १० पटकभन्दा बढी प्रयास गरिसक्यौं । उहाँहरू मान्नुभएको छैन,' उनले भने, 'अध्यक्षको कार्यशैलीले व्यवसायीको हितका लागि काम हुँदैन भन्नुहुन्छ । कुरा नमिल्ने भएपछि के गर्ने भनेर भेला गरेका हौं ।'

संघका अध्यक्ष गुरुङलाई बुझाउने भनिएको ध्यानाकर्षणपत्रमा वैदेशिक रोजगार क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाउन सरकारसँग समन्वय गरी अव्यावहारिक नीतिहरूलाई परिमार्जन गर्न भूमिका खेल्नुपर्ने, व्यवसायीको हकहित र धरौटी रकमको विषयमा व्यवसायमैत्री वातावरण निर्माणमा पहल गर्नुपर्ने, व्यवसायीबीचको मतभेदको अन्त्य गरी सबै व्यवसायीलाई एकढिक्का बनाएर मागहरूको सम्बोधन गर्नुपर्ने तथा सेवा शुल्कको वैधानिक परिमार्जन र वैदेशिक मागपत्र प्रमाणीकरणमा हुने ढिलाइ अन्त्य गर्न तत्काल कदम चाल्नुपर्ने माग राखिएको छ । कार्यक्रममा अध्यक्ष गुरुङलाई निमन्त्रणा गरिए पनि उपस्थित नभएको जनाइएको छ । ध्यानाकर्षणपत्रसहित २७२ जना व्यवसायीको हस्ताक्षर पनि समावेश गरिएको स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी संघले जनाएको छ ।

■ ■ ■

## संघ विभाजित...

किन आइरहनुभएको छैन भनेर उहाँहरू स्वयंले जवाफ दिनुपर्छ ।' स्वतन्त्र व्यवसायी संघको आइतबारको कार्यक्रमको विषयमा आफूले ढिला जानकारी पाएकाले पुग्न नसकेको गुरुङले बताए । 'नुन ओभरसिजमा अनुगमन भएको विषयमा ११ बजे पूर्वअध्यक्ष र घटक संस्थाहरूको छलफल कार्यक्रम थियो । तर व्यवसायीले १२ बजे हामी संघका आएको छौं भन्नुभयो । यताको मिटिङको कारणले संघमा जान नसकेको हो,' उनले भने ।

■ ■ ■

## युएईस्थित नेपाली...

सहभागीले न्यूनतम पारिश्रमिक, श्रम मापदण्डको पालना तथा वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको श्रम, सीप र योगदानको सम्मान तथा संरक्षणका लागि नेपाल सरकारले थप पहल गर्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा दैनिक जीवन र कार्यस्थलमा हुने आकस्मिक घटनामा प्राथमिक उपचार कसरी गर्ने भन्ने विषयमा 'फर्स्ट एड'सम्बन्धी व्यावहारिक जानकारीसमेत प्रदान गरिएको थियो । कार्यक्रममा युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीसहित राजदूतावासका कूटनीतिक कर्मचारीको उपस्थिति थियो ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८३/०१/२८ गते**

यस कम्पनीको मिति २०८२/०९/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **यासेस एस्सिलेन्स कन्सल्टेन्सी सेन्टर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एब्रोट गेट प्रा.लि. (प्रा.लि.नं. ३६९६१९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## अधिकृत वारेसनामा बदर गरेको सूचना

**हाम्रा नाउमा संयुक्त दर्ता रहेको जिल्ला बारा आमाव वडा नं. २ कि.नं. ६३ र ३२९ समेत को २-१-५ जग्गा फुकुवा भएपछि बिक्री बेचबिखन रजिष्ट्रेसन पास गर्न पाउने गरि हामीले जि. बारा बारागढी गा.पा. वडा नं. २ बस्ने निर्मला कुमारीलाई बारा जिल्ला अदालत बाट मिति २०८३/१/१० गते का दिन गरी दिएको अधिकृत वारेसनामा बदर गरेका छौं अब उक्त जग्गा हामी आफै उपस्थित भई बिक्री रजिष्ट्रेसन गर्ने गराउने छौं ।**

**अधिकृत वारेसनामा दिनेहरु**

**भरत बाबु चौधरी र विद्यापति थरुनि**
**जिल्ला बारा कोहल्वी नगरपालिका वडा नं. १०**

## कुवेतमा रोजगार

कम्पनी : EDIT BEAUTY SALON FOR LADIES CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 330322 | चलानी नं. ६०२४४१२४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Beauticians (Ladies) | 0 | 2 | 150 | ७३,६२५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 0 | 2 | 100 | ४९,०८५ | | | | | | | |
| 3 | Hair Dresser/hair Stylist | 0 | 2 | 150 | ७३,६२५ | | | | | | | |
| 4 | Manicure/pedicure | 0 | 2 | 150 | ७३,६२५ | | | | | | | |
| 5 | Nail Technicians | 0 | 2 | 150 | ७३,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २ गते (16th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## जापानमा रोजगार

कम्पनी : FUAN BUSINESS COOPERATIVE.

पूर्व स्वीकृति मिति : २०८२/१०/२७ | LT. No. 338709 | चलानी नं. ६०२५५१६३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Scaffolding | 2 | 0 | 180000 | १७३,६६० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/१०/२७ | LT. No. 338710 | चलानी नं. ६०२५५१६२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Scaffolding | 2 | 0 | 180884 | १७४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIONS INTERNATIONAL NEPAL PVT. LTD.
Maharajgunj -4, Chappal Karkhana Chowk, Kathmandu, Nepal, Tel : +977 – 01-4544642, 4544333, 4527492, Cell : 9841333962
E-mail : lions.manpower@gmail.com, Website : www.lionsgroupnepal.com.np
Govt. License 340/059/060


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, २८ वैशाख, २०८३**

| राशि | फल |
|---|---|
| मेष | आज नयाँ कामको सुरुवातका लागि दिन राम्रो रहनेछ । आत्मविश्वास बढ्नेछ र पारिवारिक साथ मिल्नेछ । |
| वृष | आर्थिक पक्ष मजबुत बन्ने संकेत छ । बोलीमा संयमता अपनाउँदा सम्बन्ध राम्रो रहनेछ । |
| मिथुन | काममा व्यस्तता बढ्न सक्छ । साथीभाइसँगको भेटघाटले मन प्रसन्न बनाउनेछ । |
| कर्कट | स्वास्थ्यप्रति सचेत रहनु राम्रो हुनेछ । अधुरा काम पूरा हुने सम्भावना छ । |
| सिंह | मान-सम्मान प्राप्त हुने दिन छ । नयाँ अवसरले उत्साह थप्नेछ । |
| कन्या | शिक्षा र अध्ययनमा प्रगति हुनेछ । यात्राको सम्भावना पनि देखिन्छ । |
| तुला | व्यापार तथा रोजगारीमा लाभ मिल्ने संकेत छ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| वृश्चिक | धैर्यताका साथ काम गर्दा सफलता हात पर्नेछ । अनावश्यक विवादबाट टाढा रहनुहोस । |
| धनु | मनमा सकारात्मक ऊर्जा रहनेछ । साथीहरूको सहयोगले काम सहज बन्नेछ । |
| मकर | खर्च बढ्न सक्ने भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनुहोस् । शुभ समाचार प्राप्त हुन सक्छ । |
| कुम्भ | नयाँ योजना अघि बढाउने समय अनुकूल छ । सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ । |
| मीन | भाग्यले साथ दिने दिन रहेको छ । प्रेम र पारिवारिक सम्बन्ध अझ मधुर बन्नेछन् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ वैशाख, २०८३ (११ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.८८ | १५१.४८ |
| युरो | १ को | १७७.५४ | १७८.२५ |
| पाउन्ड स्टर्लिङ | १ को | २०५.३० | २०६.१२ |
| स्विस फ्रैन्क | १ को | १९३.८२ | १९४.५९ |
| अस्ट्रेलियन डलर | १ को | १०९.१८ | १०९.६१ |
| क्यानाडियन डलर | १ को | ११०.५६ | ११०.९९ |
| सिङगापुर डलर | १ को | ११९.०१ | ११९.४९ |
| जापानी येन | १० को | ९.६२ | ९.६६ |
| चिनियाँ युआन | १ को | २२.१८ | २२.२७ |
| साउदी अरब रियाल | १ को | ४०.२२ | ४०.३८ |
| कतारी रियाल | १ को | ४१.४१ | ४१.५८ |
| थाई भाट | ख १ को | ४.६८ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.०८ | ४१.२५ |
| मलेसियन रिङेट | १ को | ३८.४८ | ३८.६३ |
| दक्षिण कोरियन वन | १०० को | १०.२९ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १६.३९ | १६.४६ |
| डेनिस क्रोनर | १ को | २३.७६ | २३.८५ |
| हङकङ डलर | १ को | १९.२७ | १९.३५ |
| कुवेती दिनार | १ को | ४९२.७५ | ४९४.७१ |
| बहराइन दिनार | १ को | ३९९.८४ | ४०१.४३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# आजदेखि देशभर 'सरसफाइ सप्ताह'

**काठमाडौं (प्रस)–** सरकारले सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, स्वच्छ र वातावरणमैत्री बनाउन आजदेखि आगामी जेठ १ गतेसम्म देशभर 'सरसफाइ सप्ताह २०८३' सञ्चालन गर्ने घोषणा गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक विशेष मार्गदर्शन जारी गर्दै संघीय मन्त्रालयदेखि स्थानीय तहसम्मका सबै निकायलाई यस अभियानमा सक्रिय सहभागी हुन निर्देशन दिएको हो । उक्त राष्ट्रिय अभियानको औपचारिक उद्घाटन आज बिहान ८:३० बजे वीर अस्पतालबाट स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहेताको उपस्थितिमा हुने तय भएको छ ।

यस अभियानले सरकारी निकायमा न्यून लागतमा अधिकतम प्रतिफल प्राप्त हुनेगरी सरसफाइ मापदण्ड कार्यान्वयन गर्ने लक्ष्य सरकारले जारी गरेको 'सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८३'मा समावेश छ। सरकारी कार्यालयमा नियमित सरसफाइ र फोहोर व्यवस्थापनको स्पष्ट मापदण्ड नहुँदा सेवा प्रवाह, कर्मचारी र सेवाग्राहीको स्वास्थ्यमा नकारात्मक असर परिरहेको सन्दर्भमा यो मार्गदर्शन तयार पारिएको हो ।

'सरकारी निकायहरूमा स्वच्छ र सुरक्षित कार्य वातावरण कायम गर्न प्रभावकारी सरसफाइ व्यवस्थापन आवश्यक छ,' मार्गदर्शनको पृष्ठभूमिमा उल्लेख गरिएको छ । मार्गदर्शनअनुसार सरकारी सूचना बोर्ड, नागरिक बडापत्र र संकेत चिह्नहरू स्पष्ट तथा व्यवस्थित हुनुपर्ने छ । चर्किएका वा उक्किएका भित्ताहरूको मर्मत र रङरोगन गरिने छ । मुख्य सेवा क्षेत्र र प्रवेशद्वारलाई आकर्षक तथा सफा राखिने छ ।

यस्तै, सबै शौचालयहरूलाई दुर्गन्धरहित बनाइने छ र नियमित पानीको व्यवस्था सुनिश्चित गरिने छ । हात धुने स्थानमा साबुन अनिवार्य गरिएको छ र दैनिक सफाइको अभिलेख राख्नुपर्ने छ । शौचालयहरू महिलामैत्री, स्यानिटरी डिस्पोजल सुविधायुक्त र सम्भव भएसम्म अपांगतामैत्री हुनुपर्ने छ ।

त्यतिमात्रै होइन, कार्यालयहरूले कम्तीमा दुई प्रकारका डस्टबिन राखी कुहिने र नकुहिने फोहोर छुट्याउनुपर्ने छ। पुराना काम नलाग्ने सामानहरूको उचित व्यवस्थापन गरिनाका साथै खुलारूपमा फोहोर जलाउन पूर्ण प्रतिबन्ध लगाइएको छ । कार्यालय परिसरको १०० मिटर वरिपरिको क्षेत्र, नाली र ढलहरू सफा हुनुपर्ने छ । पार्किङ क्षेत्रको सुधार र अव्यवस्थित तार वा पोस्टरहरू हटाउनुपर्ने सूचक राखिएको छ ।

कार्यालयमा 'हेल्प डेस्क'को व्यवस्था गरी सेवाग्राहीले सम्मानित र व्यवस्थित महसुस गर्ने वातावरण बनाइनेछ । सूचना प्रणालीलाई पूर्णरूपमा सञ्चालनमा ल्याइने छ ।

दिगोपन र अनुगमनको संयन्त्र

यो अभियानलाई दिगो बनाउन प्रत्येक निकायले एक 'सरसफाइ सम्पर्क व्यक्ति' तोक्नुपर्ने छ। प्रत्येक हप्ताको सरसफाइ कार्यतालिका निर्माण गरी मासिकरूपमा स्वमूल्यांकन गर्नुपर्ने व्यवस्था मार्गदर्शनले गरेको छ ।

यस अभियानको कार्यान्वयन र अनुगमनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायका प्रमुखलाई सुम्पिएको छ, जसले यसको नियमित अभिलेख राख्नुपर्ने छ। यो अभियानले सबै संघीय, प्रादेशिक र स्थानीय कार्यालयका साथै सार्वजनिक शैक्षिक संस्थाहरूलाई समेत समेट्ने छ ।

# 'बजेटमा बालबालिकालाई प्राथमिकता दिन पहल गरिने'

काठमाडौं (प्रस)- प्रतिनिधिसभा र राष्ट्रिय सभाका सांसदहरूले आगामी आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रम र बजेटमा बालबालिकाको अधिकारको मुद्दा समावेश गर्न सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले यहाँ आइतबार आयोजना गरेको 'सामाजिक सुरक्षा र बाल अनुदान' विषयक अन्तरक्रियामा सांसदहरूले सरकारले सामाजिक सुरक्षाअन्तर्गत प्रदान गर्दै आएको 'बाल पोषणभत्ता' ५३२ रूपैयाँलाई वृद्धि गरी अहिलेको समय सान्दर्भिक बनाउन सरकारसँग अनुरोध गर्ने प्रतिबद्धता गरेका हुन्। सो पोषण भत्तालाई ७७ जिल्लामा पुऱ्याउनका लागि पनि पहल गर्ने उनीहरूले उल्लेख गरे ।

सञ्जालका अनुसार सो पोषणभत्ता ४५ जिल्लामामात्रै पुगेको छ । प्रतिनिधिसभा सदस्य विष्णुमाया विश्वकर्माले समग्रमा सबै बालबालिकालाई पोषणा पत्ता वितरण गर्नेभन्दा पनि आवश्यकताका आधारमा अहिलेको रकमलाई बढाएर गरिब, दलित र पिछडिएको समुदायलाई दिनुपर्नेमा जोड दिइन् ।

नेपाल जनसांख्यिकी तथा स्वास्थ्य सर्वेक्षण २०२२ का अनुसार अझै पनि २५ प्रतिशत बालबालिकामा पुड्कोपन र १९ प्रतिशत कम तौल भएका छन् । त्यसैगरी, ४३ प्रतिशत बालबालिका रक्त अल्पताको समस्यामा परेका छन् । राष्ट्रिय सभा सदस्य भुवन सुनारले बालबालिकाको पोषणभत्ता र विद्यालय जाने विद्यार्थीको दिवा खाजालगायत उनीहरूको समग्र समस्याकाबारेमा स्थानीय सरकार बढी जिम्मेवार हुनुपर्ने बताए ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अनुसार सरकारले बाल पोषण भत्ता, एकल महिला भत्ता, अपांगता भएको व्यक्ति, ज्येष्ठ नागरिक, जनता आवास, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा कोषलगायत ८७ भन्दा बढी शीर्षकमा समाजिक सुरक्षा भत्ता दिइरहेको छ भने सामाजिक सुरक्षा भत्ताबाट ३६ लाख ६९ हजार जनाले सुविधा पाइरहेका छन् ।

# नयाँ पुस्तालाई धिमे बजाउन सिकाउँदै सुशन

■ **सरस्वती डंगोल**

**काठमाडौं–** टोखाका सुशन डंगोल (२५) सानैदेखि संस्कृतिमा रुचि राख्थे । त्यसैले कक्षा १२ को पढाइ सकेसँगै उनले धिमे बाजा सिक्न थाले । उनका गुरु सुरेश महर्जन हुन् ।

अहिले सुशन धिमे बाजा बजाउनेमात्र होइन, अरुलाई पनि सिकाइरहेका छन् । युवा पुस्तामा धिमेप्रतिको चासो बढि देखिँदै गएको उनको अनुभव छ । 'धिमे सिकेर जिन्दगीमा कहिले पूरा हुँदैन । मैले कति धेरै सिकिसकेँ तर पूराचाहिँ आजसम्म भएको छैन भनेर आउने गुरुहरूले भन्नुहुन्छ,' सुशनले भने ।

यद्यपि, आधारभूत तहको छ देखि सात महिनामा सिके बजाउन सकिने उनको भनाइ छ । सुरुमा धिमे सिकाउन खोज्दा कोही आउँदैनन् कि भन्ने लागेको थियो उनलाई । तर जब सिकाउन थाले सिक्न चाहनेहरू धेरै आए । 'आज भोलिका बच्चाहरूलाई अझ धेरै संस्कृतिमा रुचि भएको पाउँछु । आफ्नो संस्कृतिप्रतिको मोह देख्दा खुसी लाग्छ,' सुशनले सुनाए ।

सुरुमा २५ जनाको समूहलाई धिमे सिकाउँदा आफूलाई डर लागेको उनको अनुभव छ । 'अहिले धिमे बजाउनभन्दा अरुलाई सिकाउन आनन्द लाग्छ। नयाँ पुस्तालाई सिकाउन अझ सजिलो हुन्छ किनकि उनीहरूको सिक्ने गति पुरानो पुस्ताकोभन्दा तीव्र रहेको छ,' उनले भने ।

धिमे परम्परा जोगाउन आफूले सिकाएका व्यक्तिहरूलाई अरुलाई पनि सिकाउनुपर्छ भनेर प्रेरणा दिँदै आइरहेका छन् सुशन । यसले गर्दा धिमे झन धेरै प्रभावकारी रूपमा फैलिएको उनको अनुभव छ । 'धिमे भनेको बाजामात्र नभई नेवारी समुदायहरूको भगवान्प्रति भाव प्रकट गर्ने साधन हो । यसले हजारौं वर्ष पुरानो संस्कृतिलाई आजसम्म जोगाउँदै आएको छ,' सुशनले भने ।

पहिले टोखामा धिमेको समूह दुई-तीनवटा मात्र थिए । आजसम्म आउँदा हरेक टोलमा धिमेको समूह बनेको छ । धिमे मुख्यगरी वैशाख महिनाको बिस्का जात्रामा बजाउन तयार गरिन्छ । बिस्का जात्रामा धिमे बजाउन सबैभन्दा रमाइलो लाग्ने स्थानीयहरू बताउँछन् । साथै, जात्रा, उत्सव, विवाह, चाडपर्व र अन्य धार्मिक समारोहरूमा पनि धिमे बाजा बजाइन्छ । *(प्रशिक्षार्थी पत्रकार)*


**साउदीमा रोजगार** कम्पनी : ZUHUR BILAD ALSHAMCOPMPANY TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 341744 | चलानी नं. ६०२५५१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 3 | 0 | 1200 | ४८,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.

श्रम ईजाजत नं. ४४४/०६०/०६१

Pinglasthan-9, Gaushala, Kathmandu, Nepal,Tel: +977 01-4586946/4592505, Prem Raj Lawati (9841414231)
Email: advnepal44@gmail.com, Web: www.advancerecruitment.com.np



**कुवेतमा रोजगार** कम्पनी : THE JULIA LOUNGE HEALTH INSTITUTE & LADIES BEAUTY SALON शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८३/०१/२५ | चलानी नं.: ६०२५५१४० | LT.No.: 341809

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dress/Hair Stylist | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७३,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/Pedicure | 0 | 4 | | 150 | ७३,९१२ | | | | | | | |
| 3. | Nail Technicial (Manicurist/Pedicurist) | 0 | 3 | | 150 | ७३,९१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ जेठ ४ गते (18 May, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com


## दर्ता तथा निष्काशन नियमावलि २०७३, (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८२/८३ को तेश्रो त्रैमासिक प्रतिवेदन

**Eastern Hydro Power Limited Jwagal-10, Lalitpur, Nepal**
**Unaudited Financial Report (Quarterly)**
**IIIrd Quarter as on 30th Chaitra, 2082, F/Y 2082/83**

Figure in NPR

| Particulars | This Quarter Ending Chaitra 2082 | Previous Quarter Ending Paush 2082 | Corresponding perviuous year Quarter ending Chaitra 2081 |
|---|---|---|---|
| Assets | | | |
| Non current Assets | | | |
| Property Plant and Equipment | 502.015 | 509.075 | 1.063.074 |
| Intangible Assets | 976.535.994 | 988.789.670 | 1.025.649.333 |
| Other Non Current Assets | | | - |
| **Total Non Current Assets** | **977.038.010** | **989.298.744** | **1.026.712.407** |
| Current Assets | | | |
| Financial Assets | | | |
| Trade & Other Receivables | 61.160.327 | 62.025.818 | 48.522.581 |
| Short Term Loans & Advances | 980.004 | 1.872.173 | 73.816 |
| Cash and Cash Equivalent | 55.294.210 | 51.424.773 | 30.681.281 |
| Other Current Assets | 987.684 | 2.328.478 | 977.892 |
| **Total Current Assets** | **118.422.225** | **117.651.243** | **80.255.570** |
| **Total Assets** | **1.095.460.234** | **1.106.949.987** | **1.106.967.977** |
| Equity and Liability | | | |
| Equity | | | |
| Share Capital | 620.000.000 | 620.000.000 | 620.000.000 |
| Reserve and Surplus | (138.093.184) | (137.239.612) | (164.194.346) |
| **Total Equity** | **481.906.816** | **482.760.388** | **455.805.654** |
| Liability | | | |
| Non Current Liabilities | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Long Terms) | 567.781.241 | 578.217.211 | 606.310.910 |
| Lease Liabilities | - | - | 114.958 |
| **Total Non Current Liabilities** | **567.781.241** | **578.217.211** | **606.425.868** |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Short Term) | 38.966.669 | 37.909.434 | 34.647.108 |
| Trade and other Payables | 3.738.799 | 5.048.340 | 4.052.056 |
| Retention Liabilities | 1.307.204 | 1.307.204 | 1.307.204 |
| Other Current Liabilities | 1.759.504 | 1.707.409 | 4.730.086 |
| **Total Current Liabilities** | **45.772.176** | **45.972.387** | **44.736.454** |
| **Total Liability** | **613.553.417** | **624.189.598** | **651.162.322** |
| **Total Equity and Liability** | **1.095.460.234** | **1.106.949.987** | **1.106.967.977** |

Unaudited Income Statement
For the period 1st Shrwan 2082 to 30th Chaitra, 2082

| Particulars | This Quarter Ending Chaitra 2082 | Previous Quarter Ending Paush 2082 | Corresponding perviuous year Quarter ending Chaitra 2081 |
|---|---|---|---|
| Revenue from operation | 118.457.969 | 89.918.902 | 104.711.420 |
| Cost of Sales | 10.573.566 | 6.480.931 | 10.839.801 |
| **Gross Profit** | **107.884.403** | **83.437.972** | **93.871.618** |
| Other Income | 30.000 | - | - |
| Expenses | | | |
| Employee Benefits | 1.648.260 | 1.097.040 | 1.734.660 |
| Administrative Expenses | 2.643.985 | 1.337.945 | 3.731.356 |
| IPO Issue Expenses | - | - | - |
| Depreciation and Amortization Expense | 36.782.204 | 24.521.469 | 36.926.670 |
| **Total Expenses** | **41.074.449** | **26.956.454** | **42.392.686** |
| Profit Before Financial Cost, Bonus & Tax | 66.839.954 | 56.481.518 | 51.478.933 |
| Finance Cost | 36.373.376 | 25.143.948 | 39.106.644 |
| Profit Before Bonus & Tax | 30.466.578 | 31.337.570 | 12.372.289 |
| Staff Bonus | 609.332 | 626.751 | - |
| Profit Before Tax (PBT) | 29.857.246 | 30.710.819 | 12.372.289 |
| **Income Tax Expenses** | - | - | - |
| **Profit for the Period** | **29.857.246** | **30.710.819** | **12.372.289** |

Notes: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८२/८३ को तेश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

क. आ.व. २०८२/८३ को तेश्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिति २०८३/०१/२८ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको मूख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | 4,82 | प्रति शेयर कुल सम्पत्तिक | 176,69 |
| प्रति शेयर नेटवर्थ | 77,73 | मूल्य आम्दानी अनुप | 87,63 |
| तरलता अनुपात | 2,59 | | |

**२. व्यवस्थापकीय विश्लेषण :**
यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरूप नै कार्यहरू हुदैछन् । यस त्रैमासिक अवधिमा विद्युत विक्रिबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र सञ्चालक विरुद्ध कुनै मुद्दा मामिला परे

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
अवधिमा संस्थाको अधिकतम, न्यूनतम, अन्तिम मूल्य कारोवार भएको कुल दिन तथा कारोबार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाईट अनुसार:

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य रु. | 474 | अन्तिम मूल्य रु. | 422 |
| न्यूनतम मूल्य रु. | 395 | कारोबार दिन | 53 |
| कारोवार संख्या | 18099 | | |

**५. समस्या तथा चुनौती :**
मूल्य समय समयमा बृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या र चुनौती समाधानका उपायहरू बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

**६. संस्थागत सुशासन :**
संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवस्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुँझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएको छैन ।

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८३/०१/२८

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कपन, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरूको हकमा मिति बि.स.२०८१/११/२८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौंमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

### तपसिल

**१. कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

| | |
|---|---|
| १. **नाम : निलम कुमारी साह**<br>बाबु : बौएलाल साह तेली<br>ससुरा : सिताराम साह<br>पती : उचित लाल साह<br>ठेगाना : लालपुर गा.वि.स. वडा नं.-०४, सिराहा<br>हाल : बुढानिलकण्ठ न.पा. वडा नं.-१०, काठमाडौं<br>ना.प्र.नं. : २१२०३३३६<br>जारी मिति: २०६२/०६/१६<br>जि.प्र.का. : सिराहा | २. **नाम : उचित लाल साह**<br>बाबु : सिताराम साह<br>बाजे : बिकाउ साह<br>ठेगाना : लालपुर गा.वि.स. वडा नं.-०४, सिरहा<br>हाल : बुढानिलकण्ठ न.पा. वडा नं.-१०, काठमाडौं<br>ना.प्र.नं. : १३४०-१७०९<br>जारी मिति: २०५२/०९/०३<br>प्रथम प्रतिलिपि मिति : २०७४/०१/१३<br>जि.प्र.का. : सिरहा |

**जमानीकर्ताको नाम र ठेगाना**

१. **नाम : निशान्त साह**
बाबु : उचित लाल साह
बाजे : सिताराम साह
ठेगाना : गोलबजार न.पा. वडा नं.-०२, सिराहा
हाल : बुढानिलकण्ठ न.पा. वडा नं.-१०, काठमाडौं
ना.प्र.नं. : १५-०१-७६-०८३१८
जारी मिति : २०७६/०६/२४
जि.प्र.का. : सिराहा

**२. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक कर्जा**

**ऋणीको नाम र ठेगाना**

१. **नाम : उचित लाल साह**
बाबु : सिताराम साह
बाजे : बिकाउ साह
ठेगाना : लालपुर गा.वि.स. वडा नं.-०४, सिरहा
हाल : बुढानिलकण्ठ न.पा. वडा नं.-१०, काठमाडौं
ना.प्र.नं. : १३४०-१७०९
जारी मिति: २०५२/०९/०३
प्रथम प्रतिलिपि मिति : २०७४/०१/१३
जि.प्र.का. : सिरहा

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | |
|---|---|
| १. **नाम : निलम कुमारी साह**<br>बाबु : बौएलाल साह तेली<br>ससुरा : सिताराम साह<br>पती : उचित लाल साह<br>ठेगाना : लालपुर गा.वि.स. वडा नं.-०४, सिराहा<br>हाल : बुढानिलकण्ठ न.पा. वडा नं.-१०, काठमाडौं<br>ना.प्र.नं. : २१२०३३३६<br>जारी मिति: २०६२/०६/१६<br>जि.प्र.का. : सिराहा | २. **नाम : निशान्त साह**<br>बाबु : उचित लाल साह<br>बाजे : सिताराम साह<br>ठेगाना : गोलबजार न.पा. वडा नं.-०२, सिराहा<br>हाल : बुढानिलकण्ठ न.पा. वडा नं.-१०, काठमाडौं<br>ना.प्र.नं. : १५-०१-७६-०८३१८<br>जारी मिति : २०७६/०६/२४<br>जि.प्र.का. : सिराहा |

**माथि उल्लेखित ऋणीहरु निलम कुमारी साह र उचित लाल साहले ऋणकर्जा लिई धितो राखिएको सम्पत्तिको विवरण:**

**धितो सुरक्षण धनीको नाम : निलम कुमारी साह**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| काठमाडौं | कपन | ३/१०२०९४८२२ | १०५ | १११.३० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौं वा शाखा कार्यालय कपन, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८३/०२/१२ गते, मंगलबार ।**
**समय :- दिउँसो ४:०० बजे ।**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौं ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नीति तथा कार्यक्रममा पर्याप्त छलफलको खाँचो

नेपाली राजनीतिमा अहिले नयाँ उत्साह र केही नयाँ अभ्यासहरू भइरहेका छन् । झण्डै दुईतिहाइ बहुमतको जगमा उभिएको वर्तमान सरकारले आज आफ्नो नीति तथा कार्यक्रम संसद्मा पेस गर्दै छ । प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा रहेको सरकारले यसपटक नागरिकबाट सीधै बजेटका लागि सुझाव मागेर एउटा सकारात्मक र आधुनिक मानक स्थापित गर्न खोजेको देखिन्छ । तर, यही उत्साहबीच संसद् सचिवालयले नीति तथा कार्यक्रमलाई केवल एक दिनमात्र छलफल गरेर पारित गर्ने जुन तयारी गरेको छ, त्यसले संसदीय लोकतन्त्रको आधारभूत मर्ममाथि नै प्रश्न उठाएको छ ।

नीति तथा कार्यक्रम केवल सरकारको वार्षिक कार्यतालिकामात्र होइन, यो मुलुकले लिने राजनीतिक, आर्थिक र सामाजिक दिशाको ऐना पनि हो । यस्तो महत्त्वपूर्ण दस्तावेजमाथि संसद्मा पर्याप्त बहस हुनुपर्छ । तर, यसलाई 'फास्ट ट्र्याक' बाट एकै दिनमा टुंग्याउन खोज्नुले संसद्लाई रबर स्ट्याम्प बनाउने जोखिम निम्त्याउँछ । २७४ जना सांसदहरू जनताका प्रतिनिधि हुन् । उनीहरूले आफ्नो निर्वाचन क्षेत्रका समस्या, राष्ट्रिय आवश्यकता र सरकारका नीतिमा रहेका कमजोरीमाथि बोल्न पाउनु उनीहरूको अधिकारमात्र होइन, कर्तव्य पनि हो । सबै सांसदले आफ्नो राय राख्न कम्तीमा एक हप्ताको समय छुट्याइनुपर्छ, ता कि नीति निर्माणमा जननिर्वाचित प्रतिनिधिको प्रत्यक्ष स्वामित्व रहन सकोस् ।

प्रधानमन्त्री शाहले सीधै जनतासँग सुझाव मागेर जनप्रतिनिधिमाथि 'क्रस चेक' गर्ने जुन नीति लिएका छन्, त्यो सुन्दा लोकतान्त्रिक र प्रविधिमैत्री लाग्छ । विगतमा एउटा सानो योजनाका लागि पनि मन्त्रालयका चोटाकोठा धाउनुपर्ने र शक्ति केन्द्रको चाकडी गर्नुपर्ने प्रथालाई यसले चुनौती दिएको छ । यो सराहनीय पक्ष हो । तर, जनताको प्रत्यक्ष सुझाव लिने नाममा जननिर्वाचित संसद्को भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन । यदि सरकारले संसद्मा छलफल गराउन आवश्यक ठान्दैन भने राष्ट्रपतिको सम्बोधनलाई केवल कर्मकाण्डी औपचारिकतामा मात्र सीमित गरिरहनुको के अर्थ ? बरु, सरकारको पोर्टलमा नीति सार्वजनिक गरी सर्वसाधारणको सुझावलाई पारदर्शीरूपमा वेबसाइटमै राख्ने र सोझै कार्यान्वयनमा लैजाने परिपाटी बसाल्दा हुन्छ ।

भनिन्छ, संसद् विपक्षीको हो । सरकारले आफ्ना कमीकमजोरी सुन्न र नीतिहरूलाई थप परिस्कृत बनाउन विपक्षी दलका सांसदहरूलाई पर्याप्त समय दिनुपर्छ । लोकतन्त्रमा बहुमतको सरकार भए पनि अल्पमतको आवाजको कदर हुनुपर्छ । जेठ १५ मा बजेट ल्याउनुपर्ने संवैधानिक र कानुनी बाध्यतालाई ढाल बनाएर छलफलको समय कटौती गर्नु उचित देखिँदैन । सरकारको अहिलेको कार्यसम्पादनको रफ्तार हेर्दा, एक हप्ता गहन छलफल गरेर प्राप्त भएका सुझावहरूलाई बजेटमा समेट्न प्राविधिकरूपमा कुनै कठिन छैन ।

अतः सरकारले लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउन संसद्मा पर्याप्त बहसको वातावरण सिर्जना गर्नुपर्छ । नीति तथा कार्यक्रममाथिको छलफल सांसदहरूको कार्यक्षमता प्रदर्शन गर्ने 'कसी' पनि हो । यसले उनीहरूलाई जिम्मेवार बनाउँछ र जनताले पनि आफ्ना प्रतिनिधिले देशको नीतिमा कस्तो योगदान दिइरहेका छन् भन्ने प्रत्यक्ष देख्न पाउँछन् । प्रक्रियालाई छोटयाएर उपलब्धि हासिल गर्ने हतारोमा लोकतन्त्रका मूल्यमान्यताहरू नमिचिऊन् भन्नेतर्फ सरकार र संसद् दुवै सचेत हुन जरुरी छ ।

## वालेन्द्र सरकारः सुधारको वाचा कि शक्ति प्रदर्शन ?



❑ सनोज महत

> नेपाल आज उत्पादनमुखीभन्दा बढी उपभोक्तामुखी अर्थतन्त्र भएको देश हो भनेर सरकारले बुझ्न जरुरी छ । यो अर्थतन्त्रको ठूलो हिस्सा वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्समा टिकेको छ । यस्तो अवस्थामा राज्यले नियमनकारी भूमिका खेल्नुपर्छ, नियन्त्रणकारी होइन । दुर्भाग्यवश, नेपालको राज्य संरचना हिजो पनि नियन्त्रणमुखी थियो, आज पनि त्यही मानसिकता कायम छ । वालेन्द्र सरकार झन् थप नियन्त्रण उन्मुख देखिएको छ ।

वर्तमान मन्त्रीमण्डल नयाँ बुहारीले घर सम्हालेजस्तो अवस्था देखिएको छ । जनअपेक्षा चुलिएको थियो । पुराना राजनीतिक दल र तिनका नेताप्रति आजित बनेको समाजले नयाँ शक्तिबाट फरक अभ्यास, स्पष्ट दृष्टिकोण र शासन सुधारको साहसिक सुरुआत अपेक्षा गरेको थियो । लोकतन्त्रलाई दलतन्त्र र नेतातन्त्रबाट मुक्त गर्दै नागरिककेन्द्रित शासन प्रणाली निर्माण गर्ने आशा धेरैले गरेका थिए । तर सरकारको प्रारम्भिक गतिविधि हेर्दा लाग्छ, ऊ लोक रिझ्याइँमा बढी केन्द्रित छ भने मुलुकका संरचनागत समस्यातर्फ कम ध्यान देखिएको देखिन्छ ।

सरकार सम्हालेको केही दिनमै डोजर लिएर सुकुमबासी बस्ती हटाउने अभियान सुरु गरियो । यस्तो देखियो मानौं, देशको सबैभन्दा ठूलो समस्या नै सुकुमबासी बस्ती हो । तर वास्तविकता त्यो होइन । नेपाल अझै पनि व्यापक गरिबी, बेरोजगारी, कमजोर उत्पादन प्रणाली, पुँजी पलायन र असन्तुलित विकासको समस्यासँग जुधिरहेको देश हो । सरकारी तथ्यांकअनुसार गरिबीको प्रतिशत केही घटेको दाबी गरिए पनि 'हिँडे बसाइँ, खाए दसैं' को अवस्थामा रहेका लाखौं नागरिक आज पनि न्यूनतम जीवनयापनका लागि संघर्षरत छन् । त्यही वर्गको ठूलो हिस्सा सहरका खोला किनार, ऐलानी र सार्वजनिक जग्गामा बस्न बाध्य छ ।

तर राज्यले ती नागरिकलाई समस्याको उपजका रूपमा होइन, समस्याकै रूपमा चित्रित गरिरहेको छ । उनीहरूमाथि 'हुकुमबासी'को बिल्ला भिराइएको छ । यस्तो लाग्छ, मानौं सहरका मुटुमा रहेको बहुमूल्य जग्गा कब्जा गर्नेहरू सबै गरिब, निमुखा र गाउँबाट विस्थापित मानिसमात्रै हुन् । जबकि इतिहास हेर्दा सत्ता, प्रशासन, पहुँच र प्रभावको आडमा सहरका उर्बर फाँट, सार्वजनिक सम्पत्ति र अवसरमाथि कब्जा जमाउनेहरू प्रायः शक्तिशाली वर्ग नै थिए । तर आज डोजरको सामना गर्न बाध्य भएको वर्ग भने सबैभन्दा कमजोर छ ।

गरिबलाई लखेटेर गरिबी हट्दैन । झुप्रो भत्काएर समस्या समाधान हुँदैन । आखिर किन मानिसहरू दुर्गन्धित खोला किनारमा, बाढीको जोखिम मोलेर बस्न बाध्य हुन्छन् ? किन दुर्गम गाउँका मानिस आफ्नो पुर्ख्यौली जमिन छोडेर सहर पस्न बाध्य हुन्छन् ? किन सहरको अनौपचारिक अर्थतन्त्रमा उनीहरूको अस्तित्व गाँसिएको छ ? भन्ने वास्तविक प्रश्न थियो । यी प्रश्नको उत्तर खोज्नु, समस्याको जड पहिचान गर्नु र समाधानको दीर्घकालीन नीति बनाउनु सरकारको दायित्व हो । तर अहिले सरकारको व्यवहार 'जो होचो उसकै मुखमा घोचो' जस्तो देखिएको छ ।

सामाजिक सञ्जालमा सक्रिय सहरिया निम्न मध्यम वर्ग भने सरकारको यो कदमबाट उत्साहित देखिन्छ । जीवनभरको कमाइले बनाएको एउटा सानो घर र सीमित सुविधाभित्र जीवन बिताइरहेको यो वर्गलाई सहरको महँगो जग्गामा सुकुमबासी बस्नु अन्याय लाग्नु स्वाभाविक पनि हुन सक्छ । तर गरिबीको संरचनागत कारणलाई बेवास्ता गर्दै गरिबमाथि राज्यशक्ति प्रयोग गरिँदा त्यसलाई न्यायपूर्ण शासन भन्न सकिँदैन । सामाजिक सञ्जालमा उठ्ने ताली र वाहवाहीले वास्तविक पीडाको आवाजलाई दबाउन सक्दैन ।

सरकारसँग पाँच वर्षको पर्याप्त समय थियो । सुकुमबासी र अव्यवस्थित बसोबासीको वैज्ञानिक पहिचान, वर्गीकरण र पुनर्स्थापनाको नीति बनाएर व्यवस्थित समाधान खोज्न सकिन्थ्यो । वास्तविक सुकुमबासी को हुन् ? कसले अवसरको दुरूपयोग गरेका छन् ? कसलाई पुनर्स्थापना आवश्यक छ ? कसलाई कानुनी कारबाही आवश्यक छ ? यी विषयमा संवेदनशील ढंगले काम गर्न सकिन्थ्यो । त्यसपछि अतिक्रमित जग्गा खाली गराउँदा राज्यप्रति जनविश्वास पनि बढ्थ्यो । फराकिला खोला किनार, हरियाली र सार्वजनिक उद्यान सबैको चाहना हो । तर गरिबका चित्कारमाथि उभिएको सुन्दरताले कति नै सुगन्ध दिन सक्ला ?

७५३ वटै पालिका र हजारौं वडाबाट सुकुमबासी तथा अव्यवस्थित बसोबासीविरुद्ध एकैसाथ अभियान चलाइएको दृश्यले राज्यको प्राथमिकतामाथि प्रश्न उठाएको छ । जुन विषयलाई संवेदनशीलता, धैर्यता र दीर्घकालीन दृष्टिकोणसहित समाधान गर्नुपर्ने थियो, त्यसलाई शक्ति प्रदर्शनको विषय बनाइएको अनुभव धेरैले गरेका छन् । सत्ता सम्हाल्नेबित्तिकै गरिब, निमुखा र कमजोर वर्गमाथि खनिने सरकारप्रति आशंका पैदा हुनु अस्वाभाविक होइन ।

यद्यपि, सरकारसँग अझै अवसर समाप्त भएको छैन । संविधान संशोधन गर्न सक्ने राजनीतिक हैसियत भएको सरकारसँग संरचनात्मक सुधार गर्ने अवसर अझै बाँकी छ । आर्थिक सुधार नै सबैभन्दा पहिलो आवश्यक छ । अहिले सरकारको गतिविधि हेर्दा यस्तो लाग्छ कि कर छली नियन्त्रण, धरपकड र कडाइबाट मात्रै देश समृद्ध हुन्छ । सीमावर्ती क्षेत्रमा सामान्य घरायसी किनमेल गर्नेमाथिसमेत कडाइ गरिएको छ । उद्योगी-व्यवसायीमाथि मुद्दा दायर गर्ने र सार्वजनिकरूपमा अपमानित गर्ने प्रवृत्ति बढेको देखिन्छ ।

नेपाल आज उत्पादनमुखीभन्दा बढी उपभोक्तामुखी अर्थतन्त्र भएको देश हो भनेर सरकारले बुझ्न जरुरी छ । यो अर्थतन्त्रको ठूलो हिस्सा वैदेशिक रोजगारीबाट आउने रेमिटयान्समा टिकेको छ । यस्तो अवस्थामा राज्यले नियमनकारी भूमिका खेल्नुपर्छ, नियन्त्रणकारी होइन । दुर्भाग्यवश, नेपालको राज्य संरचना हिजो पनि नियन्त्रणमुखी थियो, आज पनि त्यही मानसिकता कायम छ । वालेन्द्र सरकार झन् थप नियन्त्रण उन्मुख देखिएको छ ।

नियमनकारी हुनुपर्ने राज्य नियन्त्रणकारी बन्दा उद्योगधन्दा विस्तार हुन सकेनन् । लगानीको वातावरण बिग्रियो । पुँजी पलायन बढ्यो । उद्योगी-व्यवसायीलाई शंकाको दृष्टिले हेर्ने राजनीतिक संस्कारले निजी क्षेत्र निरुत्साहित भयो । विश्वका धेरै देश लगानीकर्ता आकर्षित गर्न रातो कार्पेट ओछ्याइरहेका बेला नेपालमा भने व्यवसायीलाई चोर-डाकाजस्तो व्यवहार गरिनु आर्थिक दृष्टिले घातक सोच हो ।

दिगो आर्थिक सुधारको आधार निजी क्षेत्रप्रतिको विश्वास हो । सरकारले प्राकृतिक स्रोत साधनको उपयोग गरेर उत्पादन वृद्धि, रोजगारी सिर्जना र निर्यात प्रवर्द्धनमा ध्यान दिनुपर्छ । आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन दीर्घकालीन औद्योगिक नीति आवश्यक छ । तर अहिले राज्यको सोच अझै नियन्त्रण, कारबाही र लोकप्रियतामुखी अभियानमै सीमित देखिन्छ । यस्तो प्रवृत्तिले अर्थतन्त्रलाई झन् अँध्यारो सुरुङतर्फ धकेल्ने जोखिम बढाउँछ ।

नेपालको राजनीतिक इतिहास हेर्दा पनि एउटा समान प्रवृत्ति देखिन्छ । पञ्चायतविरुद्ध २०४६ सालको आन्दोलनदेखि १० वर्षे शशस्त्र द्वन्द्वकालीन राजनीतिक भाष्यसम्म सबैले 'भ्रष्ट शासकलाई तह लगाएपछि देश आफैं सुध्रिन्छ' भन्ने व्याख्या प्रस्तुत गरे । अहिले पनि त्यही मनोविज्ञान दोहोरिँदै छ । तर केवल कसैको 'भुँडी फोडेर' मात्रै अर्थतन्त्र बलियो हुँदैन । 'पानी जति उमाले पनि बाक्लो हुँदैन' भनेजस्तै सतही बुझाइले राजनीतिक नाराबाजी त चल्ला, तर समृद्ध राज्य निर्माण सम्भव हुँदैन ।

त्यसैगरी, स्थानीय तहलाई गैरदलीय र स्वतन्त्र बनाउने बहस पनि गम्भीररूपमा अघि बढाउन आवश्यक छ । स्थानीय सरकार नागरिकको घरदैलोको सरकार हो । दैनिक सेवा, प्रशासन र स्थानीय विकाससँग प्रत्यक्ष जोडिएको संरचना भएकाले यसलाई दलगत प्रभावबाट मुक्त राख्नुपर्ने तर्क बलियो बन्दै गएको छ । स्थानीय निर्वाचनमा पार्टीको चुनाव चिह्न प्रयोग गर्न नपाइने व्यवस्था गर्न सकिए स्थानीय नेतृत्वमा स्वस्थ प्रतिस्पर्धा बढ्न सक्छ । स्वयं नयाँ राजनीतिक शक्तिहरूले पनि यस्ता सुधारको वाचा गरेका थिए । अब त्यसलाई व्यवहारमा उतार्ने समय आएको छ ।

प्रदेश संरचनामाथि पनि पुनर्विचार आवश्यक देखिन्छ । प्रदेशसभा, स्थानीय तह र संघीय सरकारबीच समन्वय अभाव तथा प्रशासनिक खर्च बढेको गुनासो व्यापक छ । प्रदेशको संरचना सानो, प्रभावकारी र कम खर्चिलो बनाउने बहस अब टार्न सकिने अवस्थामा छैन । स्थानीय तहका निर्वाचित प्रमुख-उपप्रमुखलाई प्रदेश तहको भूमिका दिनेजस्ता विकल्पमाथि पनि खुला छलफल हुन सक्छ ।

संघीय संसद्को आकारबारे पनि बहस आवश्यक छ । २७५ सदस्यीय संसद् धेरै खर्चिलो र भद्दा भएको टिप्पणी भइरहेका छन् । समानुपातिक समावेशिताको सुनिश्चितता गर्दै संसद्को आकार घटाउने विषयमा पनि गम्भीर बहस हुनुपर्छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, सानो तर प्रभावकारी संसद् र विशेषज्ञतामा आधारित मन्त्री चयनको अभ्यासबारे छलफल गर्न सकिने ठाउँ छ ।

पुराना दलहरूले लोकतन्त्रको नाममा दलतन्त्र र नेतातन्त्रलाई संस्थागत गरेको आरोप जनतामा व्यापक थियो । त्यही असन्तुष्टिको जगमा नयाँ राजनीतिक शक्ति उदाएका हुन् । तर नयाँ शक्तिहरू पनि यदि शक्ति प्रदर्शन, लोकप्रियता र सामाजिक सञ्जालको तालीमै सीमित भए भने त्यो निराशा झन् गहिरो बन्न सक्छ ।

शासन सुधारका आफ्नै बाचाबन्धनलाई ओझेलमा पार्दै सुकुमबासी बस्तीमा डोजर चलाइरहेको सरकार कतै निम्न मध्यम वर्गको वाहवाहीमा रमाउँदै अधिनायकवादतर्फ उन्मुख त भइरहेको छैन ? अहिलेको सबैभन्दा ठूलो राजनीतिक प्रश्न यही हो । लोकतन्त्रको वास्तविक सफलता कमजोर नागरिकको संरक्षणमा मापन हुन्छ, डोजरको शक्तिमा होइन ।

*(लेखक नागरिक प्रथम अभियन्ता हुन् ।)*

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटयान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटयान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटयान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटयान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटयान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटयान्स कम्पनी नेपालमा रेमिटयान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटयान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ । विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटयान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटयान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

## पाठक मञ्च

### विश्वविद्यालयमा राजनीतिकरणको अन्त्य र मेरिटोक्रेसीको आशा

हालै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देशका प्रमुख आठ वटा विश्वविद्यालयमा रिक्त उपकुलपति पदका लागि जुन दरखास्त आह्वान गरेको छ, यसले शैक्षिक क्षेत्रमा एउटा नयाँ तरंग र आशाको सञ्चार गरेको छ । विशेषगरी 'विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' मार्फत राजनीतिक दलको सदस्य नरहेको हुनुपर्ने र बौद्धिक चोरी नगरेको स्वघोषणा गर्नुपर्ने जुन सर्तहरू राखिएका छन्, ती वर्षौंदेखि दलीय भागबण्डाको जाँतोमा पिल्सिएका हाम्रा विश्वविद्यालयहरूका लागि अक्सिजनसरह हुन सक्छन् ।

नेपालका विश्वविद्यालयहरू विगत लामो समयदेखि प्राज्ञिक थलोभन्दा पनि राजनीतिक कार्यकर्ता भर्ती केन्द्रका रूपमा बढी चिनिँदै आएका थिए । उपकुलपतिजस्तो गरिमामय पदमा प्राज्ञिक क्षमताभन्दा पनि दलप्रति बफादारी हेरेर नियुक्ति गरिने गलत परम्पराले हाम्रा शिक्षण संस्थाहरूको साख अन्तर्राष्ट्रियस्तरमा मात्र होइन, स्वदेशमै पनि गिर्दो अवस्थामा थियो । यस्तो पृष्ठभूमिमा वर्तमान सरकार र शिक्षा मन्त्रीले 'खुला प्रतिस्पर्धा' र 'विज्ञता' लाई आधार बनाएर पदपूर्तिको प्रक्रिया सुरु गर्नु सराहनीय कदम हो ।

यसपटकको कार्यविधिमा राखिएका केही प्रावधानहरू निकै स्वागतयोग्य छन् । पहिलो, राजनीतिक दलको सदस्य नरहेको हुनुपर्ने सर्तले विश्वविद्यालयलाई प्रत्यक्ष दलीय हस्तक्षेपबाट टाढा राख्ने प्रयास गरेको छ । दोस्रो, बौद्धिक चोरी नगरेको स्वघोषणा र त्यसको परीक्षणले प्राज्ञिक इमानदारीलाई उच्च प्राथमिकता दिएको छ । तेस्रो, सोचपत्र र रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरणले केवल पद ओगट्नेमात्र नभई विश्वविद्यालय सुधारको स्पष्ट खाका भएका व्यक्तिहरूलाई अगाडि ल्याउने छ ।

यद्यपि, विगतका अनुभवहरूलाई हेर्दा कागजी प्रक्रिया र कार्यविधिहरू उत्कृष्ट बने पनि कार्यान्वयनको तहमा पुग्दा अदृश्य राजनीतिक दबाबले काम गर्ने गरेको देखिन्छ । 'खुला प्रतिस्पर्धा' भनिए पनि भित्रभित्रै कुनै निश्चित दलनिकटका व्यक्तिलाई नै छनोट गरिने त होइन भन्ने आशंका अझै पनि जनमानसमा व्याप्त छ । त्यसैले, शिक्षामन्त्रीले भनेजस्तै 'विज्ञता र दक्षता' लाई नै अन्तिम कसी बनाइनुपर्छ । सिफारिस समितिले उम्मेदवारको 'सर्ट लिस्ट' बनाउँदा र अन्तिम छनोट गर्दा पूर्णतः तटस्थ र पारदर्शी भूमिका निर्वाह गर्न जरुरी छ ।

हाम्रा विश्वविद्यालयहरू अहिले गम्भीर संकटबाट गुज्रिरहेका छन् । विद्यार्थीहरू विदेसिने क्रम बढ्दो छ, शैक्षिक क्यालेण्डर अस्तव्यस्त छ र अनुसन्धानका कार्यहरू ठप्प प्रायः छन् । यस्तो अवस्थामा नियुक्त हुने नयाँ उपकुलपतिहरू केवल प्रशासनिक प्रमुखमात्र नभई शैक्षिक सुधारका सारथि बन्नुपर्ने चुनौती छ । त्यसैले, ४० वर्ष पुगेका ऊर्जावान् र १० वर्षको प्राज्ञिक अनुभव भएका दक्ष जनशक्तिलाई भित्र्याउन सकियो भनेमात्र हाम्रा विश्वविद्यालयहरूले पुनर्जीवन पाउने छन् ।

अन्त्यमा, सरकारले ल्याएको यो नयाँ कार्यविधि र अध्यादेशले नेपालको उच्च शिक्षाको इतिहासमा एउटा 'टर्निङ प्वाइन्ट' सावित हुने अवसर पाएको छ । यो प्रक्रियामा कतैबाट पनि राजनीतिक गन्ध नआओस् र 'आफ्नो मान्छे' भन्दा पनि 'राम्रो मान्छे' छानियोस् भन्ने आमनागरिकको चाहना छ । विश्वविद्यालयलाई ज्ञानको ज्योति छर्ने पवित्र मन्दिर नै रहन दिऔं, यसलाई सत्ता र शक्तिको मोलमोलाई गर्ने अखडा नबनाऔं । सरकारको यो कदम कागजमामात्र सीमित नभई परिणाममा देखिनु आजको आवश्यकता हो ।

**- रमेश श्रेष्ठ**
कुमारीपाटी, ललितपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**परम्परागत पेसा** | लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ स्थित परम्परागत पेसाको रूपमा रहेको भेडाबाखाको ऊन काढ्दै र तानमा बुन्दै मिप्रा गाउँका स्थानीय महिला । *तस्बिरः रासस*

# तिंकर सडकको दुम्लिङसम्म पहिलोपटक पुग्यो गाडी

**खलंगा (दार्चुला)–** दार्चुलाको व्यास गाउँपालिका-२ स्थित दुम्लिङ गाउँमा पहिलोपटक सवारीसाधन पुगेको छ । नेपाली सेनाले निर्माण गरिरहेको तुसारपानी-तिंकर सडकअन्तर्गत शून्य बिन्दु तुसारपानीदेखि दुम्लिङसम्मको १२ किलोमिटर सडक निर्माण सम्पन्न गरेपछि शुक्रबारदेखि यातायात सञ्चालनमा ल्याइएको हो ।



दुम्लिङ गाउँमा पहिलोपटक गाडी पुगेपछि स्थानीय उत्साहित भएका छन् । सडक सञ्चालनसँगै दैनिक उपभोग्य सामग्री ढुवानी, बिरामीको ओसारपसार तथा शिक्षा र अन्य सेवा सुविधामा सहजता आउने अपेक्षा गरिएको छ ।

नेपाली सेनाका अनुसार तुसारपानीदेखि तिंकरसम्म निर्माणाधीन कूल ७९ किलोमिटर सडकअन्तर्गत हालसम्म २२.१५ किलोमिटर सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । त्यसमध्ये दुम्लिङसम्मको १२ किलोमिटर सडकमा सवारीसाधन सञ्चालनमा ल्याइएको हो । बाँकी क्षेत्रमा सडक स्तरोन्नति तथा ट्र्याक खोल्ने काम निरन्तर जारी रहेको सेनाले जनाएको छ ।

नेपाल-चीन सीमा क्षेत्रसँग जोडिएको व्यास क्षेत्र भौगोलिकरूपमा अत्यन्त विकट मानिन्छ । वर्षौंदेखि यहाँका नागरिकले पैदलमार्गको भरमा यात्रा गर्नुपर्ने बाध्यता भोग्दै आएका थिए । सडक विस्तारसँगै स्थानीय बासिन्दाको जीवनस्तरमा सुधार आउने विश्वास गरिएको छ ।

नेपाली सेनाले आर्थिक वर्ष २०७७/७८ देखि उक्त सडक निर्माण अघि बढाउँदै आएको हो । हिमाली तथा चट्टानी भूभागमा कठिन परिस्थितिकाबीच सडक निर्माण भइरहेको सेनाले जनाएको छ । रणनीतिक तथा विकासका दृष्टिले महत्त्व बोकेको यस सडकले सीमा क्षेत्रका बासिन्दालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने अपेक्षा गरिएको छ ।

स्थानीयवासीले दुम्लिङसम्म सडक र गाडी पुगेपछि वर्षौंदेखिको यातायात समस्यामा राहत मिल्ने बताएका छन् । सडक सञ्चालन भएपछि खाद्यान्न, निर्माण सामग्री तथा अन्य आवश्यक वस्तुको ढुवानी खर्चसमेत घट्ने उनीहरूको विश्वास छ ।

तिंकर नाका जोड्ने लक्ष्यसहित सडक निर्माण कार्यलाई तीव्र बनाइएको नेपाली सेनाले जनाएको छ । सडक निर्माण सम्पन्न भएपछि व्यास क्षेत्रको आर्थिक, सामाजिक तथा पर्यटन विकासमासमेत टेवा पुग्ने अपेक्षा गरिएको छ । *रासस*

# सडक यातायातको सुविधासँगै गुर्जावासीको दैनिकी सहज

■ सन्तोष गौतम

**म्याग्दी–** प्रशासनिक कामले यसै हप्ता जिल्ला सदरमुकाम बेनी आएकी धौलागिरि गाउँपालिका-१ गुर्जाकी डेकमाया छन्त्याल पाँच घण्टामै घर पुगिन् । 'यसअघि गाउँपालिकाको केन्द्र मुना आउन करिब नौ घण्टा पैदल र त्यहाँदेखि बेनी पुग्न थप तीन घण्टा गाडीमा यात्रा गर्नुपर्ने अवस्था थियो,' उनले भनिन्, 'सडक यातायातको सुविधा भएपछि बेनीबाट बिहान ५:०० बजे गाडी चढेर १०:०० बजे खाना खान घरमै पुगियो ।'



यसअघि गुर्जादेखि लुलाङ हुँदै मुना पुग्न करिब नौ घण्टा भीर, जंगल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो । सडक सञ्जालमा जोडिएपछि गुर्जावासीको दैनिकी सहज भएको छ । अल्पसंख्यक छन्त्याल र दलित समुदायका २६५ घरपरिवारको बसोबास रहेको गुर्जाको एउटै बस्ती एकै वडामा समेटिएको छ ।

यहाँको जनसंख्या एक हजार ५०५ जना छ । गुर्जावासीलाई दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमै अस्पताल पुर्‍याउन सहज भएको वडासदस्य गुनराम छन्त्याललले बताए । 'पहिले बिरामीलाई अस्पताल लैजान हेलिकप्टर बोलाउनुपर्ने अथवा बोकेर लुलाङ पुर्‍याउन पर्ने अवस्था थियो,' उनले भने, 'गाडीको सुविधा भएपछि बिरामीलाई सहजरूपमा समयमै अस्पताल पुर्‍याउन र खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्रीको ढुवानी सहज र सस्तिएको छ ।'

## पर्यटकको चहलपहल बढ्यो

लुलाङ-गुर्जा सडक योजनामार्फत गुर्जासम्म मार्ग खुलेपछि पछिल्लो एक महिनायता जिप, ट्याक्टर र मोटरसाइकल सञ्चालन हुन थालेका छन् । ८८ वर्षीया चनमती छन्त्यालले गाडीसँगै आफन्तहरू भेट्न र घुम्न आउन थालेका बताइन् । अर्का स्थानीय गुनप्रसाद विश्वकर्माले गाउँमा गाडी आउँदा खुसी लागेको बताए । 'गाडी चल्न थालेपछि कृषि, पशुजन्य र जडीबुटी बजारीकरणमा सहज भएको छ,' उनले भने, 'गुर्जामा पर्यटकको चहलपहल बढ्न थालेको छ ।'

म्याग्दी जिल्लाका विभिन्न ठाउँका साथै पोखरा, काठमाडौंलगायत सहरबाट गुर्जा घुम्न जानेहरू बढेका छन् । लुकेको बस्तीको रूपमा चिनिएको गुर्जामा छन्त्याल संस्कृति, जीवनशैली, खानी, हिमाल, वनस्पती, जडीबुटी, पशुगोठ, वन्यजन्तुको अवलोकन गर्न सकिन्छ ।

## म्याग्दीका सबै वडा सडक सञ्जालमा जोडिए

धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले गाउँपालिका, प्रदेश र संघीय सरकारको साझेदारी रहेको लुलाङ-गुर्जा सडक जिल्लाकै प्राथमिकताप्राप्त योजना भएको बताए । 'चार वर्षअघि वडा नम्बर २ को महतला भीरमा अड्किएको सडकको मार्ग खोलेर खोरिया, लमसुङ, लुलाङहुँदै गुर्जासम्म यातायातको सुविधा विस्तार गर्न सफल भएका छौं,' उनले भने, 'गुर्जासँगै धौलागिरिका सातवटै वडामात्र नभएर म्याग्दीका छ वटा स्थानीय तहका ४५ वटै वडाहरू यातायात सञ्जालमा जोडिएका छन् ।'

लुलाङदेखि गुर्जासम्म सडकको दूरी करिब २२ किलोमिटर छ । आर्थिक वर्ष २०७९/८० मा लुलाङदेखि सडकको मार्ग खोल्न थालिएको थियो । चालु आवमा एक करोड ७० लाख रूपैयाँ बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्ट्रक्सनले गत पुस महिनामा ८८ लाख ८५ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

## सडक स्तरोन्नतिको माग

यातायात व्यवसायी लुकेश रसाइलीले लुलाङ र गुर्जाको सिमाना देउराली र लत्रवाङ खण्डको सडक स्तरोन्नति गर्नुपर्ने बताए । तीन हजार मिटर उचाइमा रहेको देउराली र लत्रवाङ क्षेत्रको सडकलाई फराकिलो बनाउनुपर्ने घुम्ती, ग्रेड मिलाउन तथा ढलान र सोलिङ गर्नुपर्ने उनले बताए । 'चिसोमा हिउँ नपग्लिदै र बर्खामा आकाशबाट पानी नपर्दै लत्रवाङ-देउराली खण्ड पार गरिसक्नुपर्छ,' उनले भने, 'हिलो र चिप्लोमा सवारीसाधन उक्लन नसक्ने, फस्ने समस्याका साथै साघुरा घुम्तीमा गाडी गुडाउन जोखिम पनि उत्तिकै छ ।' गुर्जा नजिकैको कम्जाखोलामा मोटरेबल पुल बनाउन आवश्यक छ ।

हाल खोलाबाटै सवारीसाधन आवतजावत गर्छन् । काठमाडौंमा बसोबास गर्ने गुर्जावासीहरूले कम्जाखोलामा अस्थायी पुल बनाउन आर्थिक संकलन अभियान चलाएका छन् । धौलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले चालु आवकै ठेक्काकाको बाँकी काम र प्रदेश सरकारले हस्तान्तरण गरेको बजेटबाट अप्ठ्यारो ठाउँमा सुधार, मर्मत र स्तरोन्नति गरिने बताए । प्रदेश सरकारले पालिकामा पठाएको ५० लाख रूपैयाँ बजेटको योजना कार्यान्वयनका लागि ठेक्का सम्झौताको क्रममा रहेको छ । गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण थालेको छ ।

## डोल्पा जोड्ने उच्च पहाडी राजम( ार्गको परिकल्पना

धौलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झक छन्त्यालले गुर्जा हुँदै कर्णाली प्रदेशको डोल्पा जोड्ने उच्च पहाडी राजमार्ग बनाउन सकेमा डोल्पा, मुगु र जुम्लाका बासिन्दालाई राजधानी काठमाडौं पुग्न छोटो बाटो बन्ने बताए । 'गुर्जाका बासिन्दाहरू पहिला भोटमा नुन लिन र गोठ लिएर डोल्पा जान आउन प्रयोग गर्ने मार्गलाई सडक बनाउन सकेमा डोल्पाबाट ५०० किलोमिटर दूरीमै काठमाडौं पुग्न सकिन्छ,' उनले भने, 'हिमाली र उच्च पहाडी भूगोलमा पर्ने भएकाले म्याग्दीको गुर्जा हुँदै डोल्पा जोड्ने सडकलाई उच्च पहाडी मार्गको रूपमा विकास गर्न सकिन्छ ।' वडाध्यक्ष छन्त्यालले प्रतिनिधिसभा सदस्य महाविर पुन र म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीमार्फत गुर्जा डोल्पा जोड्ने उच्च पहाडी लोकमार्गको प्रस्ताव संघीय र प्रदेश सरकारसँग गरिएको बताए । *रासस*

# सिक्दै, कमाउँदै मंगला माविका विद्यार्थी

**म्याग्दी–** म्याग्दीको बाबियाचौरमा रहेको मंगला माध्यमिक विद्यालयका विद्यार्थीहरूले हासिल गरेको प्राविधिक शिक्षालाई व्यावहारिकरूपमा प्रयोग गरेर व्यावसायिकरूपमा तरकारीखेती गरी आम्दानी गर्न थालेका छन् ।

मंगला गाउँपालिका-२ स्थित उक्त विद्यालयको प्राविधिक धारतर्फ कक्षा ९ देखि १२ सम्म कृषि विषय अध्ययन गर्ने विद्यार्थीहरूले जग्गा भाडामा लिएर तरकारी खेती गरेका हुन् । विद्यालयको कृषि प्राविधिकका संयोजक करन कँडेलले विद्यार्थीहरूले प्रयोगात्मक अभ्यासका लागि गरेको तरकारीखेतीबाट आम्दानी पनि गर्न थालेका जानकारी दिए ।

'कक्षा कोठामा विद्यार्थीले हासिल गर्ने सैद्धान्तिक ज्ञानलाई दिगो र व्यावहारिक बनाउन प्रयोगात्मक अभ्यासका लागि दुई रोपनी जग्गामा मौसम अनुसारका तरकारी खेती गरेका छौं,' उनले भने, 'विद्यार्थीले उत्पादन गरेको तरकारी विद्यालयकै चमेनागृह, छात्रावास, विद्यार्थीको घरायसी उपभोगका साथै बाबियाचौर बजारमा बिक्री गर्दै आएका छन् ।'

हिजोआज जिरीको साग बेचिरहेका विद्यार्थीहरूले जुकेनी फर्सी, गोलभेँडा, तीतेकरोला र खुर्सानीको पनि खेती गरेका छन् । ताजा तरकारीका साथै यामअनुसार नर्सरीमा बिरुवा उत्पादन गरेर बेच्ने पनि गरेका छन् । एक सिजनमा ५० हजार रूपैयाँसम्मको तरकारी उत्पादन गर्छन् ।

कक्षा ९ की विद्यार्थी देविना पुनले सैद्धान्तिकसँगै प्रयोगात्मक अभ्यास गर्दा पढेको विषयवस्तुलाई बुझ्न सजिलो भएको बताइन् । बागलुङबाट कृषि विषय अध्ययनका लागि मंगला माविमा आएकी प्रतिज्ञा विकले प्राविधिक शिक्षाका साथै उत्पादनलाई बजारीकरण र व्यावसायिक गर्ने ज्ञान र सीप हासिल गर्न पाउँदा भविष्यमा स्वरोजगार र आत्मनिर्भर बन्न सकिने आत्मबल बढेको बताइन् । अर्का विद्यार्थी नविन सुनारले पढाइसँगै आयआर्जन गर्ने र व्यावसायिक बन्ने व्यावहारिक ज्ञान, सीप हासिल गर्न पाएको अनुभव सुनाए । यस विद्यालयमा वि.सं. २०७६ देखि प्राविधिक धारतर्फ कृषि विषयमा पठनपाठन सुरु भएको थियो । कक्षा ९ देखि १२ सम्म कृषि विषयको पठनपाठन हुने गरेको छ ।

हालसम्म ५० जनाभन्दा बढीले कक्षा १२ उत्तीर्ण गरेका र हाल ५२ जना विद्यार्थी कृषि प्राविधिक विषय अध्ययन गरिरहेका प्रधानाध्यापक गमबहादुर खत्रीले बताए । बाबियाचौरका साथै अर्मन, कुहुँ, बरङ्जा र बेनी नगरपालिकाबाट कृषि विषय पढ्नका लागि विद्यार्थीहरू आएका उनले बताए । *रासस*


**मलेसियामा रोजगार** कम्पनी : CONCEPT CARE EVENT MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२७ LT. No. 340290 चलानी नं. ६०२५५१६८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Resturant Worker | 15 | 0 | 1700 | ६५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com
Govt. License No. 1781/082/083

**मलेसियामा रोजगार** कम्पनी : SPRING TECH MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ LT. No. 341788 चलानी नं. ६०२५५१६६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Skilled Labour | 8 | 0 | 1700 | ६५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ever Bright Overseas Pvt.Ltd.
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

**साउदीमा रोजगार** कम्पनी : GLOBAL CUSTOMS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ LT. No. 341803 चलानी नं. ६०२५५१५१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1. | LOADING UNLOADING LABOR | 15 | 0 | 1000 | ४०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३७३७११/०८२/०८३
Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np

**युएइमा रोजगार** कम्पनी : ARABIAN GULF GENERAL MAINT & CLEANING L L C

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ LT. No. 341801 चलानी नं. ६०२५५१४९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner General | 16 | 3 | 1000 | ४१,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८

**साउदीमा रोजगार** कम्पनी : SAMAYA GROUP COMPANY LIMITED शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८२/०१/१० पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२७ LT. No. 322354 चलानी नं. ६०२३६५३०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | LAODING & UNLOADING WORKER | 7 | 0 | 1000 | ४०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**साउदीमा रोजगार** कम्पनी : HAYYAF ALBAN ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२७ LT. No. 338436 चलानी नं. ६०२५२१४९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Barista (Coffee maker) | 4 | 0 | 1200 | ४८,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

**कुवेतमा रोजगार** कम्पनी : TAAMEER INTERNATIONAL BUILDING CONSTRUCTION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/04 पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२७ LT. No. 337190 चलानी नं. ६०२५०७६३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | WELDER | 10 | 0 | 140 | ६८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SPACE HR SOLUTIONS PVT.LTD
श्रम ईजाजत नं. १५७१/०७९/०८०
Basundhara, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558 Chitra Bahadur Roka
E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

**कतारमा रोजगार** कम्पनी : MAGNUM HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०५/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२७ LT. No. 329504 चलानी नं. ६०२४३३६०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Waiter | 2 | 0 | 1500 | ६२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist Female | 0 | 2 | 1500 | ६२,२६० | | | | | | | |
| 3 | Receptionist Male | 2 | 0 | 1500 | ६२,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १६ गते (29th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

प्रभाव दैनिक




## 'म हुँ पानी...' गीतमा राजेश र करिस्मा

लोकगायक बमबहादुर कार्कीको नयाँ सन्देशमूलक गीत 'म हुँ पानी सबको जिन्दगानी' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक गरिएको छ । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा महानायक राजेश हमालले भिडियो सार्वजनिक गरेका हुन् । यो म्युजिक भिडियोमा नेपाली चलचित्र क्षेत्रका सदाबहार जोडी महानायक हमाल र नायिका करिस्मा मानन्धरको अभिनय छ ।



सोमबार, २८ वैशाख २०८३ (Monday, 11 May 2026)

# गुर्जामा पहिलोपटक चलचित्र छायांकन



**बेनी (म्याग्दी)–** धवलागिरि गाउँपालिका-१ गुर्जामा पहिलोपटक चलचित्रको छायांकन गरिएको छ । छन्त्याल र दलित समुदायको बसोबास रहेको परम्परागत ढुंगे घरहरू गुजमुज्ज मिलेर बसेको गुर्जा गाउँमा चलचित्र 'सारथी'को छायांकन सुरु गरिएको हो ।

सदरमुकाम बेनीदेखि सबैभन्दा टाढाको दूरीमा जिल्लाको अन्तिम बस्तीका रूपमा रहेको गुर्जामा यसअघि विभिन्न म्युजिक भिडियोको छायांकन गरिएको भए पनि चलचित्रको छायांकन थालिएको भने पहिलोपटक हो । गुर्जा र चुरेन हिमाल अवस्थित गुर्जामा रहेको प्राकृतिक, सांस्कृतिक र परम्परागत जनजीवनको पाटोलाई समेत समेटेर चलचित्रका दृश्य खिच्न थालिएको छ । सामाजिक कथावस्तुमा आधारित सारथी चलचित्रको निर्माण टोली दुई सातादेखि गुर्जामै बसेर चलचित्र निर्माणका लागि कलाकारहरूको अभिनय छायांकन गरिरहेको प्रमुख निर्माता तारा थापाले बताए ।

फिल्म निर्माणका लागि करिब ६० जनाको समूह गुर्जा पुगेको छ । गुर्जाको मुख्य बस्ती, देउराली डाँडालगायत क्षेत्रमा दृश्य छायांकनको काम भइरहेको छ । उत्तम प्रधान, निरुता सिंह, मुकुन्द श्रेष्ठ, राजेन्द्र केसीलगायत नेपाली चलचित्र क्षेत्रका चर्चित कलाकारको अभिनय रहने यस चलचित्रमा गुर्जाकै कलाकार गिरी विश्वकर्मासहित गायत्री जोशी, मदन थापा, मिलन खड्का, रश्मी गुरुङ, तुलसी राई, आशा विश्वकर्मालगायतका नयाँ कलाकारको पनि अभिनय रहने प्रमुख निर्माता थापाले बताए ।


यस चलचित्रको अधिकांश दृश्य गुर्जा वरपर नै छायांकन गरिने निर्देशक कुमार गजुरेलले जानकारी दिए । गुर्जाकै सामाजिक विषयलाई कथावस्तु बनाएर तयार गर्न लागिएको यस चलचित्रको माध्यमबाट गुर्जामा लुकेर रहेको पर्यटन सम्भावनालाई समेत विश्वमाझ परिचित गराउन सहयोग पुग्ने उनले बताए ।

'केही वर्षअघि हामी गुर्जा हिमालको आधार शिविर पुगेका थियौं, त्यसबखत नै हामीले गुर्जामा फिल्म बनाउने निधो गरेका थियौं, यहाँको भूवनोट र प्राकृतिक सौन्दर्यताले गुर्जालाई फिल्म सिटीका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना छ,' निर्देशक गजुरेलले भने । गुर्जामा संसारलाई चिनाउनुपर्ने धेरै ठाउँ र कला संस्कृति भएकाले राष्ट्रियस्तरबाट यसको पहल हुनुपर्ने उनको भनाइ छ ।

जिल्लाकै सबैभन्दा दुर्गम बस्तीको उममा पाएको गुर्जामा हालैमात्र सडक सञ्जालको पहुँच जोडिएको छ । भूगोलले दूरी टाढा भए पनि प्राकृतिक सौन्दर्य र सम्भावनाले भरिपूर्ण गुर्जामा फिल्म छायांकनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसारमा सघाउने धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताए । 'पहिले केही गीतहरूको भिडियो छायांकन भएका थिए, यसपटक ठूलो पर्दाको चलचित्र नै यहाँ बनिरहेको छ, यसले गुर्जालाई थप परिचित गराउन भूमिका खेल्ने अपेक्षा गरेका छौं,' उनले भने ।

किम्भे प्रोडक्सन तथा धीरज इन्फिनिटी फिल्मस्को सहकार्यमा चलचित्र बन्ने छ । ३० वर्ष लामो फिल्म सम्पादनको अनुभव सम्हालेका तारा थापाले निर्माण गर्न लागेको यस चलचित्रको निर्मातामा सौर्यल थापा, रदिप श्रेष्ठ, धीरज तामाङ र प्रदीप रायमाझी निर्माताका रूपमा रहेका छन् । कुमार गजुरेलको डेव्यु निर्देशनमा यो चलचित्र बन्न लागेको हो । *रासस*

## संगीत रोयल्टीको आधार पुनरावलोकन गर्न माग



**काठमाडौं (प्रस)–** सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल, रेडियो ब्रोडकास्टर्स फोरम (आरबिएफ) नेपाल र ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान)ले विगतमा तोकिएका संगीत रोयल्टीका आधार र दरको वैज्ञानिक पुनरावलोकन गर्नुपर्ने माग गरेका छन् ।

ती संघसंस्थाले आयोजना गरेको संयुक्त भेलाबारे विज्ञप्तिमार्फत सार्वजनिक गर्दै रेडियोहरूको खस्कँदो आर्थिक अवस्था र दिगोपनाको चुनौतीलाई मध्यनजर गरी विगतमा तोकिएका संगीत रोयल्टीका आधार र दरको वैज्ञानिक पुनरावलोकन गर्नुपर्ने आवश्यकता औंल्याएका हुन् । भेलाले भक्तपुर एफएमका सञ्चालकमाथि यही वैशाख २५ गतेका दिन संगीत रोयल्टी संकलन समाजका नाममा फौजदारी अभियोग लगाई गरिएको धरपकडको घटनाप्रति आपत्ति जनाएको छ । संवाद चलिरहेकै बेला धरपकड र मुद्दा मामिलाले स्रस्टा र एफएम रेडियोहरूबीचको सम्बन्धमा दरार पैदा गरेकाले सो कार्य तत्काल रोक्न माग गरेको छ ।

ऐन, कानुनको गलत व्याख्या गरी, व्यापारिक एजेन्ट परिचालन गरी, रेडियोकर्मी र सञ्चालकलाई अपराधी करार गर्दै फौजदारी मुद्दा लगाउने, धरपकड गर्ने कार्य बन्द गर्नुपर्ने र प्रतिलिपि अधिकार ऐन, २०५९ ऐनको दफा २७ को दुरूपयोग गरी दफा २५ को देवानी विषयलाई फौजदारी बनाएर त्रसित पार्ने कार्य बन्द गर्न भेलाको माग छ ।

## 'थेम्सको लहरमा तमोरको स्पर्श' कविता संग्रह विमोचन



**ललितपुर (प्रस)–** बेलायतमा बसोबास गर्दै आएकी स्रस्टा शान्ति लिम्बूद्वारा रचित कविता संग्रह 'थेम्सको लहरमा तमोरको स्पर्श' सार्वजनिक गरिएको छ ।

ओयाम सरोकार समाज, काठमाडौंद्वारा शनिबार यहाँ आयोजित कार्यक्रममा साहित्यकार एवं लेखक खगेन्द्र संग्रौलालगायतले कृति विमोचन गरे । त्यस अवसरमा संग्रौलाले उक्त कृतिमा देश छोड्नु पर्ने विवशता, प्रवासी जीवनका विषय, मानव जीवनको जरा, नारी चेतनाका विषय समेटिएको बताए ।

चलचित्र निर्देशक एवं कवि नविन लिम्बूले उक्त कृतिमा याक्थुम चेतना, समग्रता, सम्पूर्णता, सहअस्तित्व रहेको उल्लेख गर्दै महिलावादको विषय पनि रहेको भनाइ राखे । कवि विमला तुम्खेवा विश्वव्यापी लेखकीय संरचनामा महिलाहरूको विषयलाई प्रमुख बनाइने गरेको भन्दै सुन्दर समाज निर्माणका निम्ति सुधारका पक्षमा कविताले समस्या उजागर गरेको उल्लेख गरिन् ।

कृतिको समीक्षा गर्ने क्रममा गुरुङ सुशान्तले उक्त कविता संग्रह स्मृति, भाषा संस्कृति र चेतनाको वैचारिक दस्तावेज भएको बताए । नेपाली मानव सभ्यता र सांस्कृतिक अस्तित्वको सङ्कटलाई पुस्तकमा चित्रण गरिएको उनको भनाइ थियो ।

कवि लिम्बूले निरन्तर अगाडि बढ्नु जीवनको एउटा पाटो भएको उल्लेख गर्दै मनमा आएका धेरै भावना र कुराहरूलाई समेटेर कविता कृति तयार पारेको बताइन् । रत्नपुस्तक भण्डारले प्रकाशन गरेको उक्त कृतिमा स्त्री, प्रकृति, देश र परदेशका विषयवस्तु र भावलाई प्रस्तुत गरिएको छ ।

### रंगशाला

## फुटसल प्रतियोगितामा विजेतालाई सिबिएम कलेजको सम्मान

■ प्रभाव संवाददाता




**काठमाडौं–** डिल्लीबजारस्थित कलेज अफ बिजनेस म्यानेजमेन्ट (सिबिएम) कलेजले फुटसल प्रतियोगितामा उत्कृष्ट समूह र व्यक्तिलाई सम्मान गरेको छ ।

क्याम्पसमा आइतबार आयोजित विशेष समारोहमा फुटसल प्रतियोगितामा विजयी महिला/पुरुषतर्फ प्रथम र द्वितीय समूहलाई सम्मान गरिएको क्याम्पसका अध्यक्ष लेखनाथ कोइरालाले जानकारी दिए । 'फुटसल टुर्नामेन्ट फर एसइई अपियर्ड स्टुटेण्ड' नाम दिइएको प्रतियोगिता काठमाडौंमा भएको थियो । वैशाख २५ गते भएको प्रतियोगितामा ५० वटा समूह सहभागी थिए ।

प्रतियोगितामा पुरुषतर्फ एचडब्लुसी समूह प्रथम र इन्साइड भिजन समूह दोस्रो भएका थिए । त्यस्तै महिलातर्फ एबिसी गर्ल्स प्रथम र स्याण्डिज सिस्टर्स दोस्रो भएका थिए । विजेताहरूलाई क्याम्पस सञ्चालक समिति अध्यक्ष कोइराला, प्राध्यापक कल्पना खरेललगायतले सम्मान गर्दै पुरस्कृत गरेका थिए । एसइई दिएर बसेका विद्यार्थीहरूका लागि आयोजित प्रतियोगितामा सहभागीहरूलाई पनि प्रमाणपत्र वितरण गरिएको थियो । क्याम्पस सञ्चालक समिति अध्यक्ष कोइरालाले सहभागीहरूको परीक्षाफल उत्कृष्ट आओस् भन्ने कामना गरेका थिए । प्रथम पुरस्कार जित्ने समूहले १० हजार रूपैयाँसहित मेडल, ट्रफी, प्रमाणपत्र पाएका थिए । यसैगरी दोस्रो हुनेले पाँच हजार रूपैयाँसहित ट्रफी, मेडल, प्रमाणपत्र पाएका थिए । विजेतासहित सबै प्रतियोगीलाई खादा लगाएर सम्मान पनि गरिएको थियो ।

अध्यक्ष कोइरालाले प्रतियोगितामा सहभागी विद्यार्थीलाई उच्च शिक्षा आफूहरूकै क्याम्पसमा पढे विशेष सहयोग र समन्वय गर्ने पनि बताए । उनले क्याम्पसले पढाइमामात्रै समय खर्च गर्ने नभई हरेक अतिरिक्त क्रियाकलापमा पनि सहभागी गराउने प्रतिबद्धता व्यक्त गरे । उनले आफ्ना क्याम्पसका विद्यार्थीहरू खेलकुदको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नाम कमाउन पुग्नेगरी क्याम्पसले हरेक प्रकारका कार्यक्रम सञ्चालन गर्ने बताए ।


### मलेसियामा रोजगार — कम्पनी : KOINKE (M) SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 341795 | चलानी नं. ६०२५५१४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 14 | 0 | 1700 | ६६,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kingfisher — श्रम ईजाजत नं. १४३५/०७४/७५
KINGFISHER OVERSEAS PVT.LTD
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Cell : 9822518721, Email: kingfisheroverseasnepal@gmail.com

### युएइमा रोजगार — कम्पनी : SANED FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२७ | LT. No. 334281 | चलानी नं. ६०२५०९३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | male security guards | 50 | 0 | 1600 | ६५,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaners female | 0 | 25 | 1000 | ४१,१३५ | | | | | | | |
| 3. | cleaners male | 50 | 0 | 1000 | ४१,१३५ | | | | | | | |
| 4. | ass teacher | 14 | 0 | 1600 | ६५,८१५ | | | | | | | |
| 5. | loaders | 23 | 0 | 1100 | ४५,२४५ | | | | | | | |
| 6. | female security guards | 0 | 25 | 1600 | ६५,८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.lic.no. 1777/082/083
I.M.G. Nepal Pvt.Ltd.
Lalitpur Metropolitian City-13, Ekantakuna, Lalitpur, Tel : 015415570
Ph. No: Narayan Babu Karki : 9860929700, E-mail : imgnepal2@gmail.com,

### कतारमा रोजगार — कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | LT. No. 341724 | चलानी नं. ६०२५५०७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 10 | 0 | 1000 | ४१,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Metal Painter | 10 | 0 | 1000 | ४१,५०५ | | | | | | | |
| 3. | Labour | 30 | 0 | 1000 | ४१,५०५ | | | | | | | |
| 4. | Packing& Packaging Worker | 50 | 0 | 1000 | ४१,५०५ | | | | | | | |

कम्पनी : AL DARJA AL OULIYA SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२५ | LT. No. 334206 | चलानी नं. ६०२४८०७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1400 | ५८,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | १०३,७७० | | | | | | | |
| 3 | General Welder | 2 | 0 | 1100 | ४५,६६० | | | | | | | |
| 4 | Mason | 3 | 0 | 1100 | ४५,६६० | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1100 | ४५,६६० | | | | | | | |

कम्पनी : AL DARJA AL OULIYA SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२७ | LT. No. 333444 | चलानी नं. ६०२४७०८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Director | 1 | 0 | 5700 | २,३६,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Decor Wood Worker/ Decorator | 2 | 0 | 1100 | ४५,६६० | | | | | | | |
| 3. | Foreman | 1 | 0 | 2500 | १,०३,७७० | | | | | | | |
| 4. | Plumber | 2 | 0 | 1100 | ४५,६६० | | | | | | | |
| 5. | Representative | 1 | 0 | 2200 | ९१,३१५ | | | | | | | |
| 6. | Supervisor | 1 | 0 | 2500 | १,०३,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।
नोट : माथिको लट नं. ३४१७२४ र लट नं. ३३४२०६ को विज्ञापन भुलवश मिति २०८३ वैशाख २६ गते प्रकाशन हुन गएकोलाई रद्द गरी आज मिति २०८३ वैशाख २८ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ०८५/०५३/०५४
INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Official Contact number : +977-1-4985474, 4985586, 970-7075024

### जापानमा रोजगार — कम्पनी : GLOBAL NETWORK COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 340707 | चलानी नं. ६०२५३५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 180000 | १७३६३० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : JOHOKU MANAGEMENT COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 340706 | चलानी नं. ६०२५३५९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 212507 | २०४५०० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 340705 | चलानी नं. ६०२५३५९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 15 | 0 | 178028 | १७१७३० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : LINE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 340699 | चलानी नं. ६०२५३५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Foreman | 1 | 0 | 204013 | १९६७९५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : LINE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 340698 | चलानी नं. ६०२५३५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 194480 | १८७६०० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : LINE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 340697 | चलानी नं. ६०२५३५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 194480 | १८७६०० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : LINE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 340696 | चलानी नं. ६०२५३५८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 194500 | १८७६२० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : LINE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०१/११ | LT. No. 340695 | चलानी नं. ६०२५३५८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 176904 | १७०६४५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०१/११ | LT. No. 340693 | चलानी नं. ६०२५३५७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 200000 | १९२९२५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ४ गते (18th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1544/078/079
TIRUPATI H.R. SOLUTION (P) LTD
Sinamangal 9, Airport, Kathmandu, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np



अभिनेताबाट राजनीतिज्ञ बनेका तमिलगा वेत्री कझगम (टिभिके) पार्टीका नेता जोसेफ विजय भारतको चेन्नईमा तमिलनाडु राज्यको मुख्यमन्त्रीको रूपमा शपथ लिएपछि बोल्दै । *तस्बिरः एपी*

# युद्धको प्रभावले ऊर्जा बजारमा ठूलो उतारचढाव

**पेरिस–** मध्यपूर्वमा जारी युद्धका कारण तेल आपूर्तिमा अवरोध र मूल्यमा तीव्र वृद्धि भएपछि युरोपका ठूला तेल तथा ग्यास कम्पनीहरूले पहिलो त्रैमासिकमा ठूलो नाफा कमाएका छन् । यससँगै लण्डनदेखि पेरिससम्म उनीहरूको 'असामान्य नाफा'मा थप कर लगाउनुपर्ने माग पुनः उठ्न थालेको छ ।



'शेल' ले हालै आफ्नो नाफा सार्वजनिक गर्दै पहिलो त्रैमासिकमा करिब ५.७ अर्ब अमेरिकी डलर (झण्डै ४.८ अर्ब युरो) खुद नाफा कमाएको जनाएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा १९ प्रतिशतले बढी हो । कम्पनीका अनुसार नाफा वृद्धि उच्च तेल मूल्य, सुधारिएको रिफाइनिङ मार्जिन र व्यापारिक गतिविधिबाट भएको हो ।

यस्तै, बिपीले पनि नाफामा उल्लेखनीय वृद्धि देखाएको छ, जसको खुद नाफा ३.८४ अर्ब डलर पुगेको छ। टोटालइनर्जीको नाफा भने अझ बढी वृद्धि हुँदै ५१ प्रतिशतले बढेर ५.८ अर्ब डलर पुगेको रिपोर्ट गरिएको छ । यसको विपरीत, अमेरिकी ऊर्जा कम्पनीहरू एक्सनमोबिल र चेभ्रोनको नाफा घटेको देखिएको छ । विशेषज्ञहरूका अनुसार डेरिभेटिभ बजारमा समयान्तर प्रभावका कारण अमेरिकी कम्पनीहरू प्रभावित भएका हुन् ।

## तेलको मूल्यवृद्धि र होर्मुज संकट

मध्यपूर्व युद्धका कारण इरानले होर्मुज जलडमरूमध्यमा अवरोध सिर्जना गरेपछि विश्वबजारमा तेल आपूर्ति घटेको छ । यसले मूल्य तीव्ररूपमा बढाएको छ। मार्च महिनामा ब्रेन्ट क्रुड तेलको मूल्य औसत १०० डलर प्रतिब्यारेल पुगेको थियो भने कहिलेकाहीँ १२० डलरसम्म पुगेको उल्लेख छ । युद्धअघि यो मूल्य करिब ७० डलर थियो ।

विश्लेषकहरूका अनुसार युरोपेली कम्पनीहरू विशेषगरी लाभान्वित भएका छन् किनभने उनीहरूको व्यापारिक गतिविधि बलियो छ, जसले बजारको उतारचढावबाट अतिरिक्त लाभ लिन सक्षम बनाएको छ । एक ऊर्जा विश्लेषकले बताए अनुसार, यी कम्पनीहरू यस त्रैमासिकमा 'परम्परागत तेल कम्पनीभन्दा बढी विश्व ऊर्जा बजारका जटिल ट्रेडरजस्तो' देखिएका छन् ।

## कर लगाउने दबाब बढ्दै

उच्च नाफापछि बेलायत र फ्रान्समा तेल कम्पनीहरूको नाफामा थप कर लगाउने माग बढेको छ। यसअघि युक्रेन युद्धपछि पनि यस्तै 'विण्डफल कर' लागू गरिएको थियो ।

बेलायतमा तेल कम्पनीहरू अहिले पनि नर्थ सी क्षेत्रको नाफामा ३८ प्रतिशत अतिरिक्त कर तिर्छन्, जुन सामान्य ४० प्रतिशत करसँगै लागू हुन्छ। तर यो कर केवल घरेलु उत्पादनमामात्र सीमित छ । अब त्यही करलाई विस्तार गर्नुपर्ने माग बढिरहेको छ ।

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंले पनि अत्यधिक नाफा वा 'सट्टेबाजी शैलीको कारोबार' नियन्त्रण गर्न युरोपेलीस्तरमा समन्वय आवश्यक रहेको बताए ।

## भविष्यको बजार र ऊर्जा रणनीति

विश्लेषकहरूका अनुसार दोस्रो त्रैमासिकमा पनि कम्पनीहरूको नाफा बलियो रहने सम्भावना छ, किनभने बजार तुरुन्तै सामान्य अवस्थामा फर्कने देखिँदैन । दीर्घकालीनरूपमा कम्पनीहरू साना, कम लागतका र छिटो उत्पादन गर्न सकिने परियोजनामा ध्यान केन्द्रित गर्न सक्छन् । केही कम्पनीहरूले जलवायु लक्ष्यमा पुनर्विचार गर्दै तेल तथा ग्यास उत्पादनमा निरन्तरता दिने संकेत पनि दिएका छन्। यसैबीच, ऊर्जा सुरक्षा सुनिश्चित गर्न नवीकरणीय ऊर्जाको भूमिकाबारे पनि फेरि बहस सुरु भएको छ । *रासस/एएफपी*

# अमेरिका पक्षधर देशले हर्मुजमा 'कठिनाइको सामना गर्नुपर्ने' इरानको चेतावनी

**तेहरान–** इस्लामिक गणतन्त्र इरानविरुद्ध संयुक्त राज्य अमेरिकाले लगाएका प्रतिबन्धहरूको पालना गर्ने देशहरूले 'स्ट्रेट अफ हर्मुज' पार गर्न कठिनाइको सामना गर्नुपर्ने इरानको सेनाले आइतबार चेतावनी दिएको छ ।



यसै महिनाको सुरुआतमा अमेरिकी सरकारले इरानको हित र चासोका विषयमा नयाँ प्रतिबन्ध लगाएको थियो । अमेरिकाले जहाजलाई तेहरानका अधिकारीहरूलाई उक्त जलमार्गबाट जान पैसा नदिन आग्रह गरेको थियो ।

एएफपीले प्राप्त गरेको सूचनाअनुसार संयुक्त राज्य अमेरिका र बहराइनले इरानलाई जलमार्गबाट ढुवानीमा प्रतिबन्ध रोक्न आग्रह गरिएको संयुक्त राष्ट्रसंघमा पेस गर्न तयार पारिएको प्रस्तावको मस्यौदा तयार गरेका छन् । प्रस्तावमा फेब्रुअरी २८ मा युद्ध सुरु भएदेखि एक प्रमुख तनावको केन्द्र बनेको 'स्ट्रेट अफ हर्मुज'को जलमार्गबाट ढुवानीमा प्रतिबन्ध रोक्न आग्रह गरिएको छ ।

इरानको आधिकारिक समाचार संस्था इर्नाले इरानी सैनिक अधिकारी मोहम्मद अक्रामनियाले आइतबार उद्धृत गर्दै लेखेको छ, 'इस्लामिक गणतन्त्र इरानमाथि प्रतिबन्ध लगाएर अमेरिकाको आदेश पालना गर्ने देशहरूलाई निश्चितरूपमा यो जलमार्ग पार गर्न कठिनाइ हुने छ ।'

उनले भने, 'हामीले स्ट्रेट अफ हर्मुजमा नयाँ कानुनी र सुरक्षा प्रणाली स्थापना गरेका छौं । अबदेखि कुनै पनि जहाजले यसबाट जान चाहेमा हामीसँग समन्वय गर्नुपर्छ ।'

उनले यो प्रणाली अहिले लागू भएको र यसले आर्थिक, सुरक्षा र राजनीतिक लाभ ल्याउने बताए । शनिबार इरानी संसद्को राष्ट्रिय सुरक्षा आयोगका प्रमुख इब्राहिम अजिजीले एक्समा एक पोस्ट गर्दै नयाँ विधेयक प्रस्ताव गरिएको बताएका थिए ।

उनले भने, 'हामी बहराइनजस्ता साना राष्ट्र र सरकारलाई जानकारी गराउँछौं कि अमेरिकी प्रस्तावको पक्ष लिँदा उनीहरूले गम्भीर परिणाम भोग्नुपर्ने हुन्छ । 'स्ट्रेट अफ हर्मुज' विश्वभर इन्धन ढुवानीका लागि एक महत्त्वपूर्ण जलमार्ग हो । यो मार्ग भएर विश्वको आवश्यकताको कम्तीमा २० प्रतिशत इन्धन ढुवानी हुन्छ। 'यसलाई सधैंभरि आफैंमा बन्द गर्ने जोखिम नलिनुहोस्,' उनले थपे ।

इरानले जलमार्गबाट केवल एकाध जहाजलाई जान अनुमति दिएको छ, जुन मार्गले शान्तिकालमा विश्वको तेल र ग्यास प्रवाहको पाँच भागको एक भागका साथै अन्य महत्त्वपूर्ण वस्तुहरूको लागि सेवा प्रवाह गर्छ ।

गत महिना संसद्का उपसभामुख हमिद्रेजा हाजिबाबेईले तेहरानले मार्गमा लगाएको शुल्कबाट पहिलोपटक राजस्व प्राप्त गरेको बताएका थिए ।

संयुक्त राज्य अमेरिका र बहराइनले प्रस्ताव गरेको संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्तावलाई भिटो शक्ति प्रयोग गरी रोक्न आफू तयार रहेको बताएको छ । *रासस/एएफपी*

# पाकिस्तानको उत्तर-पश्चिममा प्रहरी चौकीमा आक्रमण, १२ प्रहरीको मृत्यु

**पेसावर–** पाकिस्तानको उत्तर-पश्चिमी क्षेत्रमा शनिबार राति भएको कार बम आक्रमण र त्यसपछि भएको गोलीबारीमा १२ प्रहरीको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । बन्नु जिल्लाको फतेह खेल क्षेत्रमा रहेको प्रहरी चौकीमा आत्मघाती आक्रमणकारीले विष्फोटक पदार्थले भरिएको सवारीसाधन ठोक्काएर विष्फोट गराएको स्थानीय प्रहरी अधिकारीहरूले बताएका छन् । विष्फोटपछि केही सशस्त्र समूहका सदस्यहरूले चौकीमा प्रवेश गरी प्रहरीमाथि गोली चलाएको जनाइएको छ ।




बन्नु प्रहरीका एक अधिकारीका अनुसार घटनामा १२ प्रहरीको मृत्यु पुष्टि भएको छ। यो समाचार तयार पार्दासम्म एक जना अझै बेपत्ता छन् । अधिकारीहरूले आक्रमणकारीहरूले भारी हतियारका साथै साना ड्रोन पनि प्रयोग गरेको बताएका छन् । उनीहरूका अनुसार आक्रमणपछि फर्कने क्रममा आक्रमणकारीहरूले प्रहरीका हतियार र केही कर्मचारीलाई समेत लिएर गएको प्रारम्भिक जानकारी छ ।

बन्नु पछिल्ला वर्षहरूमा बढ्दो सशस्त्र गतिविधिबाट प्रभावित क्षेत्रका रूपमा रहँदै आएको छ । पाकिस्तान र अफगानिस्तानबीच सीमावर्ती क्षेत्रमा बढ्दो तनावका बीच यो आक्रमण भएको हो । इस्लामाबादले अफगान भूमिलाई केही समूहका लागि सुरक्षित आश्रयस्थल भएको आरोप लगाउँदै आएको छ भने काबुलले सो आरोप अस्वीकार गर्दै आएको छ । पछिल्ला महिनाहरूमा दुवै देशबीच सम्बन्ध थप तनावपूर्ण बन्दै गएको र सीमावर्ती क्षेत्रमा हिंसात्मक झडपहरूसमेत भएको उल्लेख गरिएको छ । *रासस/एएफपी*

# युक्रेन युद्ध करिब अन्त्यतिर पुगेको रूसी राष्ट्रपति पुटिनको भनाइ

**मस्को–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शनिबार युक्रेनमा युद्ध अन्त्य हुँदै गएको बताएका छन् । शनिबार मस्कोमा भएको सैन्य प्रदर्शनमा नेता पुटिनले सैनिकहरूलाई आफूहरू युक्रेनमा नेटोद्वारा समर्थन गरेको 'आक्रामक शक्ति' सँग लडिरहेको बताएका थिए । उनले आफ्नो युद्ध लक्ष्यलाई 'न्यायपूर्ण' कदमका रूपमा उल्लेख गरेका छन् ।



रुसी नेताले दोस्रो विश्वयुद्धमा नाजी जर्मनीमाथि सोभियत संघको विजयको सम्झनालाई आफ्नो २५ वर्षे शासनको 'केन्द्रीय कथा' बनाएका छन् र आफ्नो युक्रेन आक्रमणको औचित्य पुष्टि गर्न बारम्बार यसको प्रयोग गरेका छन् ।

रूसी अधिकारीहरूले सामान्यतया विजय दिवस प्रदर्शनलाई धुमधाम र भव्यताका साथ मनाउँछन् । हालैका हप्ताहरूमा युक्रेनी लामो दूरीका आक्रमणहरूको एक शृंखलाले क्रेमलिनलाई सुरक्षा उपायहरू बढाउन र यस वर्षको उत्सवलाई कम गर्न प्रेरित गरेको पाइएको छ ।

सैन्य प्रदर्शन समारोहपछि युक्रेनका लागि पश्चिमा सैन्य सहायतामा कमी आएको छ कि छैन भनेर सोधिएको प्रश्नमा पुटिनले भने, 'उनीहरूले रूससँगको टकरावलाई बढावा दिन थाले, जुन आजसम्म जारी छ ।' 'मलाई लाग्छ कि यो द्वन्द्व समाप्त हुँदै छ तर यो अझै पनि गम्भीर विषय हो,' उनले अगाडि भने, 'उनीहरूले रुसको ठूलो हार र रूस पतनको प्रतीक्षामा महिनौं बिताए । यसले काम गरेन ।'

पुटिनले पश्चिमी देशहरूलाई संकेत गर्दै भने, 'युक्रेनलाई सहयोग गर्ने बहानामा उनीहरूले रूसविरूद्धको जनमत सिर्जना गर्ने प्रयास गरे तर उनीहरू अप्ठेरोमा गएर फसेका छन् । अब उनीहरू यसबाट बाहिर निस्कन सक्दैनन् ।'

पुटिनले सम्भावित शान्ति सम्झौताका लागि सबै सर्तहरू टुंगो लागेपछि मात्र तेस्रो देशमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई भेट्न आफू तयार रहेको बताएका छन् । उनले भने, 'यो सहमतिको अन्तिम बिन्दु हुनुपर्छ, वार्ता आफैंमा होइन ।' अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले गत शुक्रबार रुस र युक्रेनबीच शनिबारदेखि तीन दिने युद्धविराम लागू हुने घोषणा गरेका थिए ।

मस्को र किएभले एक अर्कामाथि युद्धविरामका सर्त उल्लंघनको आरोप लगाएका छन्, तर कुनै ठूलो आक्रमणको रिपोर्ट गरिएको छैन । यद्यपि, यो अवधिमा पनि छिटफुट ड्रोन गतिविधि जारी छन् र दुबै पक्षका नागरिक हताहत भएका खबरहरू आएका छन् ।

क्रेमलिनले युद्धविरामलाई लम्ब्याउने कुनै योजना नरहेको जनाएको छ । युद्धरत पक्षहरू युद्धविरामको क्रममा एक हजार कैदीहरू साटासाट गर्न पनि सहमत भएका छन् । पुटिनले शनिबार भने, 'रुसले अहिलेसम्म युक्रेनबाट कुनै प्रस्ताव प्राप्त गरेको छैन ।' *रासस/एएफपी*

# श्रीलंकामा ऊर्जा संकटबीच बिजुली महसुल वृद्धि

**कोलम्बो–** मध्यपूर्वमा जारी युद्धका कारण ऊर्जा आपूर्तिमा आएको असरले लागत बढेपछि श्रीलंकाले बिजुली महसुल १८ प्रतिशतसम्म बढाउने निर्णय गरेको छ ।



सार्वजनिक उपयोगिता आयोगका अनुसार सोमबारदेखि लागू हुने नयाँ दरअनुसार मासिक १८० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने उपभोक्ताले १८ प्रतिशत अतिरिक्त शुल्क तिर्नुपर्ने छ । सोभन्दा कम खपत गर्ने उपभोक्तामा भने तत्काल असर पर्ने छैन ।

आयोगले जारी गरेको विज्ञप्तिअनुसार यो वृद्धि उद्योग, होटल, व्यवसाय, सरकारी कार्यालय तथा धार्मिक संस्थाहरूमा लागू हुने छ । यो निर्णय पछिल्ला केही महिनामा गरिएको ऊर्जासम्बन्धी शृंखलाबद्ध वृद्धिपछिको अर्को कदम हो । गत महिनामात्र पनि बिजुली महसुल ४० प्रतिशतले बढाइएको थियो ।

## इन्धन मूल्य र महँगाइ पनि बढ्यो

ऊर्जा आपूर्तिमा अवरोधका कारण श्रीलंकाले इन्धन मूल्य ३५ प्रतिशतभन्दा बढीले बढाएको छ र केही क्षेत्रमा राशनिङसमेत लागू गरेको छ । सरकारी तथ्यांकअनुसार महँगाइ बढेर अप्रिलमा ५.४ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिनाहरूको तुलनामा उल्लेखनीय वृद्धि हो ।

## आर्थिक संकटबाट पुनःस्थापनाको प्रयास

श्रीलंका सन् २०२२ मा विदेशी मुद्रा संकटका कारण ठूलो आर्थिक संकटमा परेको थियो, जसले खाद्यान्न, इन्धन र औषधि आयातमा गम्भीर असर पारेको थियो । गत वर्ष आएको ठूलो आँधीलेसमेत देशलाई थप प्रभावित बनाएको थियो, जसमा सयौंको मृत्यु र ठूलो भौतिक क्षति भएको थियो । देशले सन् २०२३ देखि अन्तर्राष्ट्रिय मुद्रा कोषको सहायता कार्यक्रममार्फत आर्थिक स्थायित्व ल्याउने प्रयास गरिरहेको छ । तर उच्च ऊर्जा मूल्य र बाह्य संकटहरूले पुनर्उत्थान प्रक्रियामा चुनौती थपिरहेका छन् । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९८९०० | प्रति तोला – ० | प्रति तोला – ५३०० |



खाँदबारी-किमाथांका सडक खण्ड | उत्तर-दक्षिण कोशी राजमार्ग संखुवासभाको खाँदबारी नगरपालिका- ४ स्थित एक हजार ८९० मिटर उचाइको छ्याङकुटी डाँडाबाट देखिएको खाँदबारी-किमाथांका सडक खण्ड । *तस्बिरः रासस*

## 'मूल्य पारदर्शिता सप्ताह'लाई महासंघको ऐक्यबद्धता

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघले सरकारद्वारा घोषणा गरिएको मूल्य पारदर्शिता सप्ताहलाई पूर्ण समर्थन गर्ने भएको छ । महासंघले आजदेखि सुरु हुने यस अभियानमा सहभागी हुन देशभरका उद्योगी व्यवसायीहरूलाई आह्वान गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आज वैशाख २८ गतेदेखि जेठ ३ गतेसम्म देशव्यापीरूपमा 'मूल्य पारदर्शिता सप्ताह मनाउने निर्णय गरेसँगै महासंघले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो ऐक्यबद्धता जनाएको हो । महासंघले बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता ल्याउन र स्वच्छ व्यावसायिक वातावरण निर्माण गर्न यो अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरेको छ ।

महासंघले मन्त्रालयको परिपत्र अनुसार आफ्ना सदस्य उद्योग वाणिज्य संघहरू, वस्तुगत संघहरू र आबद्ध व्यवसायीहरूलाई सम्पूर्ण उद्योगी, पैठारीकर्ता, सप्लायर्स, थोक तथा खुद्रा बिक्रेताहरूले आफूले बिक्री गर्ने वस्तु तथा सेवाको अद्यावधिक मूल्यसूची अनिवार्य र स्पष्ट देखिनेगरी राख्न आग्रह गरेको छ । महासंघले जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरूलाई आ-आफ्नो क्षेत्रका बजारमा मूल्यसूची राखिए/नराखिएको सुनिश्चित गर्न र सचेतनामूलक कार्यक्रमका सहभागिता जनाउँदै यस अभियानलाई सफल बनाउन देशभरका सम्पूर्ण उद्योगी-व्यवसायी मित्रहरूलाई सक्रियतापूर्वक सहभागी हुनसमेत अनुरोध गरेको छ ।

बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले आजदेखि देशभर विशेष अभियान सञ्चालन गर्दै छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्न लागिएको हो । प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दिपा दाहालले आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न यो अभियान सञ्चालन गर्न लागिएको बताइन् । सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप रोक्न कोसेढुंगा सावित हुने विश्वास लिइएको उनले बताइन् ।

प्रेसविज्ञ दाहालले सबै सरोकार भएका निकाय, नागरिक समाज र सञ्चारकर्मीलाई यस अभियानमा सहयोग र बजारमा हुने अनियमितताको खबरदारी गर्नसमेत आग्रह गरिन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचारअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको छ । अभियान कार्यान्वयनका लागि गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री कार्यालय र स्थानीय तहलाई निर्देशन दिइसकिएको प्रधानमन्त्रीकी प्रेसविज्ञ दाहालले जानकारी दिइन् ।

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकहरूलाई अनिवार्यरूपमा मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्ने छन् । यस्तै, जिल्ला प्रशासन कार्यालयलाई जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ ।

केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्यांकन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने जनाइएको छ । बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नहुँदा र उपभोक्ताहरूले वास्तविक मूल्य थाहा नपाउँदा ठगिनेक्रम बढेको विषयमा गुनासा बढेपछि सरकारले अभियान सञ्चालन गर्न लागेको प्रेसविज्ञ दाहालले बताइन् ।

## 'साउथ एसिया ट्रेड फेयर २०२६' मा अवलोकनकर्ताको आकर्षण

**काठमाडौं (प्रस)–** दक्षिण एसिया क्षेत्रका उद्योग, व्यापार तथा सेवासम्बन्धी अवसरहरूलाई एकै थलोमा ल्याउने उद्देश्यसहित बिहीबारदेखि राजधानीमा सुरु भएको 'साउथ एसिया ट्रेड फेयर २०२६' ले अवलोकनकर्ताहरूलाई आकर्षित गरेको छ । भृकुटीमण्डप प्रदर्शनी हलमा चलिरहेको सार्कस्तरीय यस अन्तर्राष्ट्रिय व्यापार मेलाले व्यावसायिक गतिविधि पुनः चलायमान बनाउन प्रमुख भूमिका खेल्ने अपेक्षा गरिएको छ। आजसम्म चल्ने प्रदर्शनीमा अवलोकनकर्ताको उल्लेख्य सहभागिता देखिएको छ । स्थानीय उत्पादनदेखि सार्क क्षेत्रका उत्पादनहरूमा अवलोकनकर्ताले रुचि देखाएको आयोजकको भनाइ छ ।

देशभित्र लामो समयदेखि सुस्त रहेको व्यापारिक वातावरण र लगानीगत अनिश्चितताबीच यो मेला निजी क्षेत्रका लागि पुनः सक्रिय हुने प्लेटफर्म बनेको मेला संयोजक सुमन महर्जनले बताए । देशमा देखिएका विभिन्न आर्थिक तथा व्यावसायिक परिस्थितिका कारण केही समय गुम्सिएर बसेका व्यवसायीहरू मेलामा उत्साहपूर्वक सहभागिताका जनाइरहेको उनको भनाइ छ ।

इन्ट्रोडक्सन ट्रेड सोज नेपाल प्रालिको आयोजना तथा व्यवस्थापनमा भएको यस मेलामा बंगलादेशको उद्योग मन्त्रालय तथा एक्सपोर्ट प्रोमोसन ब्युरो (इपिबी) को सहकार्य रहेको छ । यस कार्यक्रमलाई इण्डोर्स वाईका रूपमा भुटान सरकारको उद्योग, वाणिज्य तथा रोजगारी मन्त्रालयले समर्थन गरेको छ ।

कार्यक्रमका सहयोगी संस्थाहरूका रूपमा नेपाल चेम्बर अफ कमर्स, नेपाल घरेलु तथा साना उद्योग महासंघ, ललितपुर चेम्बर अफ कमर्स एण्ड इण्डस्ट्री, भक्तपुर चेम्बर अफ कमर्स एण्ड इण्डस्ट्री, चेम्बर अफ इण्डस्ट्रिज मोरङ, ललितपुर चेम्बर अफ कमर्स, नेपाल-चाइना एक्जिक्युटिभ काउन्सिल, नेपाल कस्मेटिक व्यवसाय संघ तथा विश्व उद्यम सहायता फाउण्डेसन रहेका छन् । मेलामा भारत, बंगलादेश, नेपाल, भुटान, पाकिस्तान, अफगानिस्तान, श्रीलंका र माल्दिभ्सलगायतका देशहरूको सहभागिता रहेको छ ।

# आगामी बजेटलाई इप्पानको ५३ बुँदे सुझाव

### अर्थमन्त्रीको प्रतिबद्धताः ऊर्जालाई अर्थतन्त्र हाँक्ने क्षेत्र बनाउनेगरी नीति बनाउँछौं

■ प्रभाव संवाददाता



**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका लागि ५३ बुँदे सुझाव पेस गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग आइतबार भएको भेटमा इप्पानका अध्यक्ष गणेश कार्कीले ५३ बुँदे सुझाव प्रस्ताव गर्दै सरकारले ऊर्जा क्षेत्रको विकासका लागि लगानी गर्ने गरी नीति तथा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए ।

सरकारले अघि सार्न लागेको १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य हासिलका लागि निजी क्षेत्रले योगदान गर्न तयार रहेका बताउँदै अध्यक्ष कार्कीले सोहीअनुसार नीति तथा कार्यक्रम र बजेट विनियोजन गरिनुपर्नेमा जोड दिए । उनले त्यसका लागि विद्युत् खरिद सम्झौता (पिपिए) खुलाउनुपर्ने, निजी क्षेत्रलाई विद्युत् व्यापार प्रसारण लाइनमा सहभागी गराउनुपर्नेमा जोड दिए ।

इप्पानका अध्यक्ष कार्कीले धितोपत्र बोर्डबाट समयमा प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ) जारी गर्नुपर्ने, आयोजनालाई शान्तिसुरक्षाको व्यवस्था गर्नुपर्नेलगायत विषयमा सरकारले नीतिगत र कानुनीरूपमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गरी अघि बढाउनुपर्ने सुझाव दिए ।

सो अवसरमा अर्थमन्त्री डा. वाग्लेले अर्थतन्त्रमा विद्युत् क्षेत्रको योगदान बढ्दै गएकाले सरकारले पनि अर्थतन्त्रलाई चलायमान बनाउने क्षेत्रका रूपमा ऊर्जालाई विकास गर्ने सरकारको योजना रहेको बताउँदै यसमा साथ दिन आग्रह गरे । 'सरकार ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकताका साथ अघि बढाउने पक्षमा छ । यसको अर्थतन्त्रमा योगदान बढ्दो छ, अर्थतन्त्र हाँक्ने क्षेत्र बनाउने गरी नीति पनि बनाउँछौं,' उनले भने ।

लगानीकर्ताको साथ सरकार चाहने र लगानीकर्ताले पनि उच्च व्यावसायिक र इमान्दारिताका साथ लगानी भएको क्षेत्र ऊर्जा हो भन्ने देखिनेगरी अघि बढ्नुपर्नेमा अर्थमन्त्री वाग्लेले स्पष्ट पारे ।

इप्पानको सुझावमा नेपाल ऊर्जा विकास तथा उपभोग अभिवृद्धिको दशक घोषणासहित सरकारको १० वर्षमा ३० हजार मेगावाट विद्युत् जडित क्षमता पुऱ्याउने लक्ष्यलाई साकार पार्न विद्युत् खरिद-बिक्रीका अन्य विकल्प कार्यान्वयन गर्नुपर्ने भेटवार्ता कार्यक्रममा सहभागीले बताएका छन् ।

कार्यान्वयनमा नआउँदासम्म आन्तरिक माग र अन्तरदेशीय विद्युत् बजारको मागलाई मध्यनजर गर्दै पिपिए गर्नुपर्ने, विद्युत् उत्पादक कम्पनीले स्वदेशमा उत्पादन गरेको विद्युत् खरिदका साथै छिमेकी देशबाट विद्युत् आयातका लागि हालसम्म चलिरहेको एकल क्रेता प्रणालीलाई अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ ।

## उद्योग विस्तार र लगानी वृद्धि गर्ने बजेट ल्याउन परिसंघको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्षमा उद्योग विस्तार तथा लगानी वृद्धि गराउन सहज हुने बजेट ल्याउन नेपाल उद्योग परिसंघले आग्रह गरेको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई आइतबार उनकै कार्यकक्षमा भेटेर परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेसहितको टोलीले आव २०८३/८४ को बजेट निजी क्षेत्रलाई विकासको वाहकका रूपमा लिई उद्योग तथा लगानी वृद्धि गराउनेतर्फ केन्द्रित हुनुपर्ने सुझाव दिएको हो ।

आय आर्जन र सम्पत्ति सिर्जनालाई सहयोग गर्नेगरी बजेट ल्याउनुपर्ने, अर्थतन्त्र विस्तार, रोजगारी सिर्जना तथा लगानी वृद्धिमा उल्लेख्य सुधार हुने विषयलाई केन्द्रमा राख्न सुझाइएको परिसंघले जनाएको छ । उद्योग तथा लगानी, प्रत्यक्ष विदेशी लगानी, कर नीति तथा प्रणाली, भन्सार, पर्यटन, कृषि, जडिबुटी तथा वनपैदावार, ऊर्जा, सूचना प्रविधि क्षेत्र, बैकिङ तथा वित्त, बिमा, सहकारी तथा पुँजीबजार, स्वदेशी उत्पादन प्रवर्द्धन, पूर्वाधार, स्वास्थ्य तथा शिक्षा, गैर कर, राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित क्षेत्रगतरूपमा बजेट सुझाव दिएको छ ।

उद्योगलाई पहिलो प्राथमिकतामा राखी नीतिगत सुधार गर्दै यस्ता नीतिहरूको न्यूनतम १० वर्ष स्थायित्व सुनिश्चित गर्न, प्रतिस्पर्धी क्षमता भएका वस्तु केन्द्रित औद्योगिक विकास रणनीति बनाई लागू गर्न, रोजगारी, उत्पादन र आयात प्रतिस्थापनलाई केन्द्रमा राखी बजेट ल्याउन आग्रह गरिएको जनाइएको छ ।

परिसंघले जारी गरेको विज्ञप्तिअनुसार कर प्रणालीलाई सरल, एकीकृत र सीमित प्रकारको बनाउन, भ्याट, आयकर र अन्तःशुल्कमा आवश्यक व्याख्यात्मक टिप्पणीसहित स्पष्ट बनाउन, एकल व्यक्तिको व्यक्तिगत आयकरको न्यूनतम सीमा १० लाख गरी आयकरको दर घटाउने आग्रह गरिएको छ ।

जोखिममा आधारित अडिट प्रणाली लागू गर्न, कर विवाद समाधान, एड्भान्स रुलिङ, कर प्रशासनलाई डिजिटल बनाइनुपर्ने, चोरी पैठारी नियन्त्रणका लागि सम्बद्ध निकायहरूबीच समन्वय सुदृढ गरिनुपर्ने र आयातित वस्तुका लागि न्युनतम गुणस्तर मापदण्ड लागू गरिनुपर्ने सुझाव दिइएको छ ।

ठूला पूर्वाधारका परियोजनाहरूमा निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिन, उद्योगको स्वीकृत परियोजनाअनुसार आवश्यक जग्गामा हदबन्दी नलाग्ने व्यवस्था गरी अतिरिक्त जग्गा धितो राख्न र उद्योगलाई बिक्री गर्न पाउने नीति लागू गर्न, उद्योग व्यवसायले सरकारको कुनै निकायमा भुक्तान गर्न बाँकी रहेको रकम र सरकारले सो उद्योगलाई भुक्तान वा फिर्ता गर्न बाँकी रहेको रकम हिसाब मिलान गर्न पाउने नीतिगत व्यवस्था गर्न परिसंघले सुझाएको छ ।

सुझाव ग्रहण गर्दै अर्थमन्त्री वाग्लेले विकासका लागि निजी क्षेत्रको पूँजी आवश्यक रहेको बताए । उनले कानुनी सुधार, कर प्रणालीमा सुधार आवश्यक रहेको भन्दै सम्पत्ति आर्जन गर्ने विषयलाई हेरिनुपर्ने बताए । उनले निजी क्षेत्रको लगानीविना विकास सम्भव छैन भन्ने विषयमा सरकार प्रस्ट रहेको र पूर्वाधारमा निजी क्षेत्रको लगानी आउनुपर्नेसमेत बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ